म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १५ सोमबार २९ साउन २०८० ने. सं. ११४३ अनलागा 14 August 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## भीमफेदीको माण्डु हाईड्रोपावरमा शव भेटियो

हेटौंडा, २८ साउन/मकवानपुरको उत्तरी क्षेत्रस्थित भीमफेदी गाउँपालिकामा रहेको माण्डु हाईड्रोपावरमा फेरि एक पुरुषको शव फेला परेको छ ।

आइतबार बिहान नामथर, वतन नखुलेको पुरुषको शव फेला परेको जनाइएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरका डिएसपी टेकबहादुर कार्कीका अनुसार इलाका प्रहरी कार्यालय भीमफेदीको टोली घटनास्थल गएर अनुसन्धान गरेको थियो । गएको साउन २१ गते पनि सोही हाईड्रोपावरमा अन्दाजी १७ वर्षीया किशोरीको शव फेला परेको थियो । हालसम्म पनि किशोरीको नाम थर खुल्न सकेको छैन । भीमफेदी-८, माण्डुमा रहेको माण्डु हाइड्रोपावरमा यसअघि काठमाडौंबाट बगेर आएका शव पनि भेटिने गरेका थिए ।

# डेढ महिनादेखि प्रदेशसभा ठप्प, 'नागरिकका मुद्दामा सरकार अनुदार'

साझाकुरा संवाददाता

हेटौंडा, २८ साउन/ बागमती प्रदेशसभा करिब डेढ महिनादेखि ठप्प छ । चालू आर्थिक वर्ष २०८०/८१ का लागि बजेट पारित गरेयता प्रदेशसभा बस्न सकेको छैन् ।

बजेट पारित नहुञ्जेल दैनिक प्रदेशसभा बैठक राख्ने सरकारले अत्यावश्यक कानुन निर्माण गर्नुपर्ने दायित्व र विपद् रोकथाम र न्यूनिकरणका लागि खेल्नुपर्ने भूमिका बिर्सिएर सदनलाई ठप्प पारेको आरोप लागेको छ । बागमतीमा आवश्यक कानुन बन्न धेरै बाँकी छ । आवश्यक नै नभएको विवादित चिठ्ठा विधेयक ल्याउन हतारो हुने सरकारले अन्य थुप्रै अत्यावश्यक कानुन बनाउन भने चासो देखाएको छैन् । विपद्ले मकवानपुरलगायत प्रदेशभर जोखिम बढिरहेका बेला सरकारले भूमिका शुन्य देखिएको भन्दै सांसदहरुले आवाज उठाइरहेका छन् ।

गत २१ असारमा अनिश्चित कालका लागि प्रदेशसभा बैठक स्थगित भएको थियो । १२ असार देखि बजेटमाथिको छलफल गर्न बैठक राखिए पनि प्रतिपक्ष दलहरुको अवरोधका कारण सदन अवरुद्ध बनेको थियो । निरन्तर ४ वटासम्म बैठक अवरुद्ध बनेपछि सरकारले दलहरुसँग सहमति गरेर बजेट पास गरेको थियो । त्यसयता प्रदेशसभा बैठक बस्न नसकेको हो । सरकारले प्रदेशसभालाई बिजनेश दिन नसक्दा आलोचना भइरहेको छ । बागमती प्रदेशको प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)ले तत्काल प्रदेशसभा बैठक बोलाउन माग गरेको छ । आइतवार एमाले संसदीय दलको कार्यालयमा पत्रकार सम्मेलन गर्दै एमालेले प्रदेशसभा बैठक तत्काल बोलाउन माग गरेको हो ।



नागरिक रोग, भोक र विपद्सँग लडिरहेको बेला सरकार मौन रहेको एमालेको आरोप छ । बाढीपहिरोले जताततै क्षति पुर्‍याइरहेको अवस्थामा जनता दालचामल जस्ता दैनिक उपभोग्यवस्तुको महङ्गी बढेर नागरिक तड्पिरहेका बेला सरकार कहाँ छ ? कसैलाई पत्तो नभएको एमालेको आरोप छ । 'अधिकांश मन्त्रीहरु राजधानी हेटौंडा बस्दैनन् । जनताका प्रतिनिधि प्रदेशसभा सदस्यहरु जनताका आवाज बोल्न चाहन्छन् ।

तर, सरकार प्रदेशसभा बैठकका लागि व्यवस्था मिलाउन सकिरहेको छैन,' एमाले संसदीय दलका नेता जगन्नाथ थपलियाले भने, 'गर्नुपर्ने धेरै काम छन् तर, सरकार मन्त्रालय फुटाउँदै मन्त्री थप्ने र राज्यलाई व्ययभार बढाउनेतर्फ केन्द्रित छ, प्रदेशसभालाई विजनेस दिन सकिरहेको छैन । संघीयताका बारेमा शंका उत्पन्न भएको तथा चौतर्फी प्रहार भइरहेको वर्तमान अवस्थामा संघीयता काम लाग्दैन भन्ने प्रमाणित गर्ने खालका यस्ता गतिविधिको नेकपा (एमाले) घोर निन्दा गर्दछ ।'

प्रदेशसभाको निर्वाचन सम्पन्न भई प्रदेशसभा सञ्चालन भएको ७ महिना भइसक्दा पनि कुनैपनि संसदीय समितिको पहिलो बैठक नै बस्न नसकेको र मिनी संसद भनिने संसदीय समितिलाई सक्रिय बनाएर सरकारका काम कार बाहीको निगरानी बढाउनुपर्नेमा यो हदको सरकारी लापरबाही आमप्रदेश बासी नागरिकप्रतिको अपमान गरेको एमालेको आरोप छ । प्रदेशसभास्थित दलको कार्यालयमा एमाले संसदीय दलको बैठक आइतबार बसेको थियो । बैठकले तत्काल प्रदेशसभा बोलाई आम नागरिकका समस्याका बारेमा उनीहरुका प्रतिनिधिलाई सदनमा छलफल गर्ने व्यवस्था मिलाउन माग गरेको छ ।

गत असार २१ गते मुख्यमन्त्री शालीकराम जम्मकट्टेलले बजेट पास गरेपछि प्रदेशसभा बैठक बस्न सकेको छैन । बागमती प्रदेश सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुन मन्त्री गंगानारायण श्रेष्ठले प्रदेश सरकार विपद्मा सक्रिय भइरहेको दावी गरेका छन् । विपदजन्य घटनामा सरकार स्वयम राहत वितरण गर्ने र फिल्डमै खटिरहेको जानकारी दिए । उनले बाढिपहिरो जोखिम क्षेत्रमा प्रदेश सरकारले १३ वटै जिल्लाका सुरक्षा निकायसँग समन्वय र सहकार्य गरिहेको हुँदा प्रदेशसभा बैठक तत्काल बोलाउन सम्भव नभएको बताए ।

'हामी अहिले विपद्मै सक्रिय छौं । जिल्ला जिल्लामा पुगेर राहत बाँढ्नेदेखि लिएर विपदजन्य जोखिम क्षेत्रहरुमै पुगेर त्यहाँका सुरक्षा निकायसँग छलफल गर्दैछौं,' 'अहिले सरकारको काम भनेको विपद्को घटना हुन नदिनु हो, हामी त्यसैमा लागिपरेका छौं ।' उनले प्रतिपक्षीको माग जायज भएता पनि तत्काल बैठक बस्न सम्भव नभएको बताए । प्रवक्ता श्रेष्ठका अनुसार भदौ पहिलो साताසम्म सरकारले बैठक आह्वान गर्ने जानकारी दिए ।

## मकवानपुरमा डेंगू संक्रमित बढ्दै

साझाकुरा संवाददाता

हेटौंडा, २८ साउन/ मकवानपुरमा पछिल्लो हप्तादेखि डेंगू संक्रमितको संख्यामा निरन्तर वृद्धि भइरहेको छ । आइतबारसम्म जिल्लामा १ सय १५ जना संक्रमित भइसकेका छन् ।

जिल्लामा पछिल्लो २४ घण्टामा १२ जनामा संक्रमण पुष्टि भएसँगै संक्रमितको संख्या १ सय १५ जना पुगेको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले जानकारी दिएको छ । कार्यालयका अनुसार गत साउन १ गतेदेखि आइतबार सम्ममा सबैभन्दा धेरै संक्रमित हेटौंडा उपमहानगरपालिमा रहेका छन् । हेटौंडा उपमहानगरमा हालसम्म ७० जनामा डेंगू संक्रमण पुष्टि भएको छ यसैगरी, मकवानपुरगढी २ जना, मनहरी १ जना, बकैया १ जना, राक्सिराङ गाउँपालिकामा १ जनामा डेंगू संक्रमण पुष्टि भएको छ ।

अहिलेसम्म कुलेखानी गाउँपालिका, कैलाश गाउँपालिका, बागमती गाउँपालिका, भीमफेदी गाउँपालिका र थाहा नगरपालिका डेंगू संक्रमती नभेटिएको स्वास्थ्य कार्यालयले जनाएको छ । हेटौंडामा 'एडिज एजिप्टाई' र 'एडिज अल्वोपिक्ट्स' जातको पोथी लामखुट्टेको टोकाईबाट हुने डेंगू संक्रमणका कारण गत बिहीबार एकजनाको मृत्यु भएको थियो । डेंगू संक्रमण बढ्नुको कारण बढ्दो सहरीकरणसँगै प्लाष्टिकको अव्यवस्थित प्रयोग, प्रयोग गरेर फालिएका प्लाष्टिकका सामान, मोटर र साइकलका टायर, टिनका भाँडा र गमलाहरुमा जमेको सफा पानी सफा नगर्नुले रहेको चिकित्सकहरुले बताएका छन् ।

यस लामखुट्टेले जमेको सफा पानीमा मात्र अण्डा पार्ने भएकाले घर वरिपरि कुनै पनि ठाँउमा पानी जम्न दिन नहुने र निरन्तर सरसफाई गर्न हेटौंडा उपमहानगर पालिकाले नगरबासीका लागि सचेत गराइरहेको छ । यो लामखुट्टेको स्वभाव घर वरिपरि र मान्छेको भिडभाडमा रहने खालको हुने र पोथी लामखुट्टेबाट मात्र रोग मानिसमा सने भएकाले सुत्दा नियमित झुल प्रयोग गर्न अनुरोध गरिएको छ ।

# तीन दिनमा प्रदेशभर १३ हजार पशुलाई खोप



साझाकुरा संवाददाता

हेटौंडा, २८ साउन/ बागमती प्रदेश सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले अभियान सुरु गरेको तीन दिनमा १३ हजार पशुलाई लम्पी स्किनविरुद्धको खोप लगाएको छ ।

यसअघि बिहीवारबाट मन्त्रालयले खोप अभियान सुरु गरेको थियो । ५० हजार पशुलाई खोप लगाउने लक्ष्य लिएको मन्त्रालयले शनिवारसम्म १३ हजार पशुमा खोप लगाएर लम्पी स्किन संक्रमणको रोकथाम र नियन्त्रणमा प्रयास गरिरहेको मन्त्रालयका सूचना अधिकारी अनुप अधिकारीले जानकारी दिए । आइतबार लगाइएको खोपको तथ्यांक भने सोमबार मात्रै प्राप्त हुने मन्त्रालयले जानाएको छ । खोप अभियान अन्तर्गत बिहीवार, शुक्रबार र शनिवार तीन दिनमा १३ हजार ५ सय १६ पशुलाई लम्पी स्कीन रोगविरुद्ध खोप लगाइएको हो ।

'आइतबारको तथ्यांक प्रदेशको जिल्लाहरुबाट प्राप्त हुन बाँकी नै छ । शनिवारसम्म १३ हजार भन्दा बढी पशुमा खोप लगाइसक्यौं ।,' अधिकारीले भने । अभियानको पहिलो दिन ४ हजार ४ सय ६७ लाई खोप लगाइएको थियो । दोस्रो दिन ४ हजार ६ सय ९४ पशुलाई र तेस्रो दिन ४ हजार ३ सय ३३ पशुलाई लम्पी स्कीनविरुद्धको खोप लगाइएको मन्त्रालयका सूचना अधिकारीले बताए । उक्त अभियानअन्तरगत पछिल्लो तीन दिनमा सबैभन्दा बढी चितवनका पशुलाई खोप लगाइएको छ । त्यहाँ २ हजार ४ सय ८८ पशुमा लम्पी स्कीन रोगविरुद्धको खोप लगाइएको मन्त्रालयका सूचना अधिकारीले बताए ।

यसैगरी, मकवानपुरका २ हजार ४४, काभ्रेका १ हजार ५ सय २२, सिन्धुलीका १ हजार १९८, धादिङका १ हजार ५५, काठमाडौंका १ हजार ४२, नुवाकोटका ९९८, रामेछमपका ९८२, सिन्धुपाल्चोक ८५६, रसुवा ५८३, भक्तपुर ५५४, ललितपुरका १७ र दोलखाका ८३ पशुमा लम्पी स्कीन रोगविरुद्धको खोप लगाइएको हो ।

अभियान आगामी साउन ३२ गतेसम्म संचालन हुनेछ । एकपटक खोप लगाईएको गाई/भैंसी वा चौरीलाई एकवर्षसम्म लम्पी स्किन रोगविरुद्ध काम गर्छ । यो खोप बिरामी पशुलाई लगाउन नहुने र स्वस्थ्य पशुमा मात्रै लगाइने पशु स्वास्थकर्मीले जनाएका छन् ।

हाल प्रदेशको सबै जिल्लामा गरी २ लाख ४ हजार ९८८ पशु लम्पी स्किनबाट प्रभावित छन् । जसमा १ लाख १० हजार ४४० पशु सक्रिय संक्रमित छन् । हालसम्म ६ हजार २९१ वटा पशुको मृत्यु भइसकेको छ । प्रकोप फैलिएसँगै १ लाख ३२ हजार ९ सय पशुलाई खोप लगाइसकिएको छ । यो खोप लगाबापत किसानले पैसा तिर्नु पर्दैन । यो खोप लगाइएपछि गाई भैंसी वा चौंरीलाई एक वर्षसम्म एन्टिभाइरसको रुपमा काम गर्ने मन्त्रालयका पशुविकास अधिकृत निशान्त शर्माले बताए ।

लम्पी स्किन संक्रमणका कारण सामन्यतया १० देखि २० प्रतिशत पशुहरु बिरामी हुने र करिब ५ प्रतिशतसम्म मृत्युदर देखिन सक्ने उनले बताए । खास उपचार नभएको र लम्पी स्किनको कारण धेरै संख्यामा गाई/भैसी प्रभावित भई दूध उत्पादनमा ८० प्रतिशतसम्म कमी आएको मन्त्रालयले जनाएको छ । लम्पी स्कीन विरुद्धको खोप अभियानमार्फत प्रदेश भरी लम्पी स्किन न्यूनीकरणका लागि जनचेतना फैलाउने काम पनि सँगै गरिने मन्त्रालयका सचिव शरणकुमार पाण्डेले बताए ।

## अवरोध हटाएपछि त्रिभुवन राजपथ सञ्चालनमा

साझाकुरा संवाददाता

हेटौंडा, २८ साउन/ हेटौंडा-नौबिसे-काठमाडौं जोड्ने त्रिभुवन राजपथको अवरोध हटाएर सञ्चालनमा ल्याइएको छ ।

शनिवार रातीदेखि परेको अबिरल वर्षाका कारण आइतबार बिहान पहिरो जाँदा त्रिभुवन राजपथ सडक खण्ड अवरोध भएको थियो । हेटौंडा-काठमाडौं जोड्ने छोटोमार्गहरु बन्द हुँदा वा ठूला सवारीसाधनहरु त्रिभुवन राजपथ भएर नियमित सञ्चालन हुने गरेका छन् । त्रिभुवन राजपथले जिल्लाको एकमात्र नगर पालिका थाहानगर र हेटौंडालाई जोड्ने गरेको छ । त्रिभुवन राजपथको लामीडाँडा नजिक खसेको पहिरो पन्छाएसँगै सो सडक खण्ड सञ्चालनमा आएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

त्रिभुवन राजपथको अन्तर्गत भीमफेदी गाउँपालिका-९ लामिडाँडामा ढुंगासहितको पहिरो गएको थियो । सडक डिभिजन कार्यालय हेटौंडासँगको समन्वयमा जेसिवी प्रयोग गरी पहिरो पन्छाएर यातायात सेवा संचालनमा ल्याइएको मकवानपुरका प्रहरी नायवउपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए । पहिरो पन्छाएसँगै हेटौंडा-पालुङ-काठमाडौंका यातायात सेवा सुचारु भएको उनले बताए ।

**दुई छोटोमार्ग बन्द**

हेटौंडा-काठमाडौं जोड्ने अन्य २ छोटोमार्ग भने पहिरोका कारण अझै बन्द छ । पहिरोका कारण कुलेखानी-सिस्नेरी-फर्पिङ सडक र कान्तिलोकपथ सडक खण्ड बन्द रहेको हो । पहिरोका कारण भीमफेदी-कुलेखानी-सिस्नेरी-काठमाडौं सडक खण्ड बन्द रहेको डिएसपी कार्कीले बताए । वर्षाका कारण इन्द्रसरोवर गाउँपालिका-२ मा सडकको माथिल्लो भागबाट खसेको पहिरोका कारण सो सडक खण्ड बन्द भएको र वर्षा भइरहेकाले पहिरो पन्छाउने सकिएका छैन ।

## हेटौंडा आउँदै गरेको सुमो कुलेखानीमा दुर्घटना

हेटौंडा, २८ साउन/ मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-२ ज्यामिरे डाँडामा आइतबार अपरान्ह सुमो दुर्घटनामा परेको छ । काठमाडौंबाट हेटौंडातर्फ आउँदै गरेको ना १ ज ४७३३ नम्बरको सुपर लालीगुराँस सुमो कुलेखानीको ज्यामिरे डाँडामा दुर्घटना भएको हो ।

दुर्घटनामा सुमो चालकको खुट्टामा चोट लागेको स्थानीय प्रत्यक्षदर्शीको भनाइ छ । सुमोमा सवार ९ जनाको अवस्था सामान्य रहेको बताइएको छ । सुमोको ब्रेकफेल हुँदा दुर्घटना भएको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

Join IT Career in HCC

Admission Open
+2
Science
Management
→ Computer Science
→ Hotel Management
→ Business Studies
Law (English)



Bachelor Program
BSc. CSIT
BCA
BBS
(T.U. Affiliated)

यस **हेटौंडा सिटी कलेज**मा **B.Sc.CSIT** कार्यक्रम अन्तगत दोस्रो बर्ष तेस्रो शत्र (Semester) मा अध्ययनरतछात्र **श्री दिनेश खरेलले** त्रिभुवन विश्वविद्यालयद्धारा सञ्चालित प्रथम वर्ष प्रथम शत्रको परीक्षामा **89.8 प्रतिशत (500 पुर्णाङ्कमा 449 अंक प्राप्त)** ल्याई **नेपाल प्रथम** हुन सफल हुनुभएकोमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

साथै, **BSc. CSIT** र **BCA** को 11 औं समूहको (**2080 Batch**) लागि **प्रवेश परीक्षा तयारी कक्षा** (**Entrance Preparation Class**) सञ्चालन भइरहेको कुराको पनि सहर्ष जानकारी गराइन्छ ।

**हेटौंडा सिटी कलेज/जेनिथ**
सम्पर्क : 057-526660, 9855069444, 9855077417, 9855067435

साझाकुरा

## हाम्रो कुरा

# सार्वजनिक यातायातमा जोखिम

हाम्रो सडकको बनावट एवम् दुरावस्था, भौगोलिक अवस्थिति, चालकको काबुवाहिरको परिस्थिति, चालकको हेलचेक्र्याइं, खराब मौसमका कारण सवारी दुर्घटना हुने गर्दछ । हाम्रो देश सडक दुर्घटना बढी हुने देशमध्ये पर्दछ । सडक दुर्घटनाका कारण अकालमा असंख्य जनधनको क्षणभरमै क्षती भइरहेको छ । क्षणभरमा कसैको घर उजाड भइरहेको छ । दुर्घटना न्यूनीकरणका लागि सबै उपायहरु अवलम्बन गर्नुपर्छ, तथापी हामीले गर्ने सावधानी र खवरदारीले दुर्घटना न्यूनीकरण गराउन सकिन्छ तर, शुण्य हुन सक्दैन । दुर्घटना पश्चात यातायात व्यवसायीले घाइते तथा अंगभंगको सम्पूर्ण खर्च व्यहोर्नुपर्छ, मिलापत्रमा केही राहत रकम नदिई मिलापत्र हुन सक्दैन भने मृतकका परिवारमा पनि बीमावाहेक थप रकम नदिई छुटकारा पाउन सकिन्न । सवारी दुर्घटनामा परी ज्यान गुमाउनेको परिवारले मोटर बीमाबाट क्षतीपूर्तिवापत ५ लाख रुपैयाँ पाउने र घाइतेको उपचारखर्च जेजति भएपनि अधिकतम रु. ३ लाख बीमाले व्यहोर्ने नीति बनेको आज १५ बर्ष भइसकेको छ । १५ वर्ष अघिको र आजको मितिको ५ लाखको मूल्यमा कति अन्तर परिसक्यो ? यसमा तत्काल राज्यको सम्बोधन हुनु जरुरी छ ।

आगामी दिनमा हरेक २ बर्षमा क्षतिपूर्ति रकम पुनरावलोकन गर्ने नीतिगत व्यवस्था हुनुपर्दछ । घाइतेको उपचार खर्चको पनि पुनरावलोकन हुन सकेको छैन । सवारी दुर्घटनाको उपचार खर्च अत्यन्तै महंगो छ । यातायात व्यवसायीले गम्भिर घाइतेको उपचार खर्च ५० लाख भन्दा बढी व्यहोर्नु परेको अवस्था छ । बीमाबाट आउने ३ लाख रुपैयाँले त्यो व्यवसायीलाई कति राहत देला ? सवारी दुर्घटनामा घाइते, मृत्यु जस्ता मानवीय क्षती वाहेक पनि सवारी, घरटहरालगायत भौतिक क्षति हुने गर्दछ । सवारीधनीले त्यो तेस्रोपक्ष भौतिक क्षतिको पनि दायित्व बोक्नु नै पर्छ । यस्तो परिवेशमा यो पेशा कसरी अघि बढिरहेको छ ? भन्ने अध्ययन गर्ने हो भने जसोतसो व्यवसायीबाटै शुल्क उठाई संघ, संस्था, समिति, कम्पनीले संचालन गर्दै आएको बास्केट फण्डले यो जोखिमलाई धानेका छन् । नेपाल सरकारले सवारी दुर्घटना पश्चात उत्पन्न हुने सम्पूर्ण जोखिम वहन गर्ने खालको बीमा पोलिसी तत्काल बनाउनु पर्दछ वा यो संभावना छैन भने बास्केट फण्ड संचालन गर्न पाउने नीतिगत स्पष्ट व्यवस्था हुनुपर्दछ । सवारी दुर्घटनाको अंगभंग घाइतेतर्फको उपचार, क्षतीपूर्ति र कानुनी व्यवस्था कहालीलाग्दो छ । क्षतिपूर्तिवापत पाउने ५ लाख रुपैयाँले के हुन सक्छ ? कम्तिमा बाचुन्जेल स्याहार सुसार र औषधिउपचार हुनसक्ने खालको क्षतिपूर्ति रकम व्यवस्था वा वैकल्पिक उपायको खोजी गर्नु जरुरी छ । राज्यले पूर्णरुपमा अंगभंग वा प्यारालाइसिस भएको व्यक्तिको परिवारबाट कम्तिमा १ जनालाई रोजगारी दिने व्यवस्था गर्ने हो भने पनि वैकल्पिक उपाय बन्न सक्छ ।

दुर्घटनामा संलग्न सवारीको दोष र गल्तीअनुसार कारवाही हुनुपर्नेमा सानो सवारी र ठूलो सवारी, अझ भन्नैपर्दा रोकी राखेको ट्रक/बसमा मोटरसाइकल आएर ठोक्किंदा पनि ट्रक/बसलाई क्षतीपूर्ति तिर्न लगाइन्छ । सडक अतिक्रमण गर्ने र छाडा चौपाया छोड्नेहरुप्रति पनि प्रशासन कठोर हुन जरुरी छ । सवारी दुर्घटना हुने प्रमुख कारणहरु भनेको चालकको लापरवाही, चालकको गलत/खराव नियत, भवितव्य, काबुवाहिरको परिस्थिति, यान्त्रिक गढवडी, बाटोको दुरावस्था, खराब मौसमलगायत कारण भए पनि हरेक दुर्घटनामा चालकवाहेक अन्य पक्षको गल्तिलाई कम आंकलन गरिन्छ । दुर्घटनाका कारण अनेक हुन्छन् तर, सबै दुर्घटनामा चालकको लापरवाही देखाउने र कारवाहीका नाममा चालकलाई जेल पठाउने, चालकसँग धरौटी माग गर्ने जस्ता अव्यवहारिक अभ्यासको अन्त्य हुनुपर्ने माग यातायात व्यवसायीले बर्षौंदेखि उठाउँदै आएका छन् । खासगरी वर्षात्को मौसम र चाडपर्वमा बढी दुर्घटना हुने गरेका छन् । वर्षात् र चाडपर्वमा बढी साबधानी अपनाउनुको बिकल्प छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० साउन ३० गते मंगलबार १५ अगष्ट २०२३ । चतुर्दशी, अधिक श्रावण कृष्णपक्ष । अनलागा ११४३ ने.सं. । सूर्योदय ५:३४, सूर्यास्त ६:४० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : विद्यार्थीका लागि लाभदायक | **तुला** | : दिन राम्रोसँग बित्नेछ |
| **वृष** | : सम्मानित काम हुनेछ | **वृश्चिक** | : चोट लाग्ने सम्भावना देखिन्छ |
| **मिथुन** | : धार्मिक काममा रुचि बढ्नेछ | **धनु** | : चिन्ता, भय र आशंका बढ्नेछ |
| **कर्कट** | : काममा एकरुपता आउनेछ | **मकर** | : सन्तोष र प्रतिष्ठा मिल्नेछ |
| **सिंह** | : यात्राबाट लाभ हुनेछ | **कुम्भ** | : काममा प्रगति हुनेछ |
| **कन्या** | : धनको समस्या पार लाग्नेछ | **मीन** | : व्यापारमा लाभ हुनेछ |

# असीको चरित्र चित्र र विकल्पको मौलिक विचार



✍ राधेश्याम अधिकारी

विद्यमान नेपाली राजनीतिको चरित्रको मूल्यांकन गर्ने हो भने जातका आधारमा चार थरि राजनीतिक शक्तिको उपस्थिति देखिन्छ- कांग्रेस, कम्युनिस्ट, राजा मान्ने र विकल्प खोज्ने । चार धार अथवा कथित समाजवादी, कथित साम्यवादी, कथित राष्ट्रवादी र कथित वैकल्पिक ।

कुनै समय कांग्रेस र कम्युनिष्टले पनि राजा मानेका हुन् । राजा नमान्ने माओवादीका कारण राजा हट्नुपरेको हो । माओवादी आजसम्म आफूलाई साम्यवादी कम्युनिस्ट भन्न छोड्दैन, चाहे जतिसुकै टुक्रिएको किन नहोस् । एकजना डा. बाबुराम भट्टराई विकल्प खोजिरहेका देखिन्छन् । तर उनले खोजेको विकल्प कसका लागि हो कसैलाई थाहा छैन । राजावादीलाई मात्रै राष्ट्रवादी भन्ने हो भने फेरि बाँकी सबै रिसाउँछन् । विकल्प दिन्छु भन्दै तराजु बोकेर हिंडेका रवीन्द्र मिश्र घुमिफिरी राजा चाहिन्छ भन्ने ठाउँमा पुगे ।

अरु थुप्रै सानातिना शक्तिहरू जन्मिँदै छन् जो आफूलाई विकल्पको राजनीतिक मार्गमा भएको दाबी गर्न पछि पर्दैनन् । विकल्पको आवाज उठ्नु नै एक प्रकारले पुरानो राजनीतिक शक्तिको असफलता सिद्ध हुनु हो । कांग्रेसभित्रको विवाद छताछुल्ल भएपनि उसले अहिले आफ्नो घर फोरेको छैन । कांग्रेसको आफ्नै समस्या छ । ५० टुक्रा भएको हाँडीजस्ता कम्युनिस्टहरू एकले अर्कालाई कम्युनिस्ट देख्तैनन् । राजा मान्नेहरू राप्रपाभन्दा ३ कदम अगाडि पुगिसके ।

विकल्प खोज्नेहरू संसदमा निहुँ खोजिरहेका छन् । कहाँ कसको के छ भित्री मिलेमतो हामी देख्दैनौं । बाहिरबाट हेर्दा एकले अर्कालाई निषेध गरेर जान खोजेको देखिन्छ । स्वभाव र चरित्रलाई दाँजेर हेर्ने हो भने कोही भन्दा कोही कम देखिंदैन । आम नागरिकको ठाउँमा उभिएर हेर्ने हो भने जसको सरकार बनेपनि सर्वसाधारण नागरिकको जीवनमा कुनै भिन्नता आएन । राणाको विरोधमा कांग्रेस, कांग्रेसको विरोधमा कम्युनिस्ट, सबैको विकल्प माओवादी र माओवादी लगायत सबैको विकल्पका रूपमा स्वतन्त्र पार्टी अगाडि आएको देखिन्छ । ७७ जिल्लाकै समग्र बहुआयामिक विकास योजना र दीर्घकालीन लक्ष्य ऊसँग पनि देखिंदैन ।

यस्तो अवस्थामा पुराना र नयाँ नेताबीच, पुराना पार्टी र नयाँ पार्टीबीच, पुराना राजनीतिक शक्ति र नयाँ राजनीतिक शक्तिबीच सजिलै फरक छुट्याउन पनि सकिंदैन । यसरी हेर्दा खाली विरोधको राजनीतिक विकल्पको बाटो होइन, उपायको राजनीति विकल्पको बाटो बन्न सक्छ । के सबै शक्तिहरू मिलेर काममा लाग्ने हो भने समृद्धि असम्भव छ ? जनमानसको समस्यालाई केन्द्रमा राखेर, गर्नुपर्ने कामको सूची बनाएर कार्यविभाजन गर्ने हो भने मिल्न असम्भव छ ? समृद्धि चाहनेले समृद्धिको आधार के हो भनेर खोजी गर्नुपर्दैन ?

कम्युनिस्टहरू जातभन्दा पनि विजात, उपजात, महाजात भएर फैलिएका छन् । बाजेको पेडा र कम्युनिस्ट एउटै भएकाले असली कम्युनिस्ट चिनिंदैन, चिनिरहन अब जरुरी पनि देखिंदैन । त्यसकारण यी सबैलाई कम्युनिस्ट भन्दा पनि भ्रमनिस्ट भन्दा अत्युक्ति नहोला । यति हुँदाहुँदै पनि मानव कल्याणका लागि, नेपाल राष्ट्र र नेपालीको हितका लागि जो कसैले काम गरोस् त्यो हाम्रा लागि स्वीकार्य छ । यो सबैका हकमा लागू हुने कुरा हो तर कसैप्रति जनविश्वास देखिंदैन । जित्नु, हार्नु आकारमा सानो वा ठूलो हुनुले नागरिकको जीवनमा कुनै अर्थ राखेको छैन ।

मदन भण्डारीले राजालाई शक्ति मानेर नै राजा र कम्युनिस्ट छुट्टाछुट्टै शक्ति हुन् भनेका थिए । उनले राजालाई हटाउने कुराभन्दा राजालाई क्षेत्राधिकार नमिच्न मात्र चेतावनी दिएका थिए । दशकौं जेलनेल भोगेर प्रजातन्त्रका लागि लड्ने बीपीले राजासँग मेलमिलाप गर्नुपर्ने देखेका थिए । संवैधानिक राजा स्वीकारेका थिए । राजासँग आफ्नो घाँटी जोडिएको छ भनेका थिए । राज्य बचाउन राजा चाहिन्छ नै भन्ने उनले देखेका थिए होलान् ।

तर आज देशबाट राजाले शासनसत्ता त्याग गरेको पनि १५ वर्ष बितिसकेको छ । यो १५ वर्षको बीचमा के त्यस्तो एउटा उपलब्धि भयो जुन राजाका कारणले हुन पाएको थिएन ? आशा बोकेर बाँच्न, रोजगारी पाउन र विदेश जाने क्रम रोकिन के २३८ वर्ष नै कुर्नुपर्ने हो त ? यो एउटा गम्भीर प्रश्न भने उठेको छ । त्यसो त राजा मानिरहनु ठीक थियो भन्ने तर्क गर्ने हो भने अथवा अब फेरि राजा चाहिन्छ भन्ने हो भने पहिले किन हटाएको त भन्ने प्रश्न आफैंमाथि उठ्छ । राजा आफैं आउँदैन । उनलाई बल गरेर ल्याउनुपर्छ । कहिलेसम्मका लागि को को मिलेर कुन राजा ल्याउने भन्ने अर्को प्रश्न जन्मिन्छ । त्यसपछि राजा नमान्नेहरूलाई निस्तेज गर्न वा बदला लिएर समाप्त पार्नपट्टि हामी लाग्न थाल्नेछौं । पुन: सङ्क्रमणकाल सुरु हुनेछ । नयाँ योजना तय गर्न फेरि समय लाग्छ ।

संविधानदेखि लिएर सारा विषयमा उथलपुथल हुनेछन् । राजाको छोरो राजा हुने, एकलौटी निर्णय हुने, प्रजातन्त्र कुण्ठित हुने, निरङ्कुशता हाबी हुने भन्दै अर्को समूह विरोधमा उत्रिनेछ । बीपी र मदन भण्डारीलाई गाली गर्नेहरूसँग दोहोरी चल्नेछ । हामी फेरि उही ठाउँमा पुग्नेछौं । इतिहासमा पुर्खाले गरेको सैर्ष माटामुनि मिल्नेछ । पुर्खाले सुरु गरेको सैर्ष यात्रा माटोका लागि हो भन्ने कसैले भुल्नु हुँदैन । नेपालको गौरव र नेपालीको इज्जत विश्वमा फैलाइरहने हो भने इतिहासमा खोजेर पुग्दैन, व्यवहारले निरन्तर जीवन्त बनाउनुपर्छ । सुरु गरेको यात्रा पूरा गर्नुछ भने बढ्नु अगाडि नै पर्छ । पछाडि फर्किएर गन्तव्यमा पुगिंदैन ।

राजा र राजतन्त्रका अनेकौं सकारात्मक पक्षहरू हुनसक्लान् तर पनि ०६२/६३ विकल्प खोज्दै आइपुग्यो । त्यसकारण आजको दिनमा हामीले विकल्पको पनि विकल्प, आफूभित्रैबाट विकल्प खोज्नुपर्ने भएको छ । के राजाको शक्ति हाम्रो शक्ति होइन ? के लोकतान्त्रिक शक्ति, कम्युनिस्ट शक्ति र विकल्पमा आएका शक्तिहरू हाम्रा शक्ति होइनन् ? हाम्रा प्यारा यी र यिनका प्यारा हामी बन्नु पर्दैन ?

अविभावकको झगडाले हुनपुगेको बालबच्चाको विचल्लीको तुरुन्त अन्त्य हुनुपर्छ । हाम्रा समस्या, आवश्यकता, हाम्रो राष्ट्रिय स्वार्थ र हाम्रा प्रश्नहरूको एउटै उत्तर हामीले नै किटान गर्नुपर्छ । हाम्रो लक्ष्य र हाम्रो साझा राष्ट्रिय सङ्कल्प के हुनुपर्ने निकै मजासँग मन्थन हुनु जरुरी छ । एक अर्कामा विश्वासको वातावरण हुनु जरुरी छ, ताकि कार्यकारी ठाउँमा जो पुगे पनि राजनीतिको राष्ट्रिय धर्म नधर्मराओस् । त्यसका लागि चार राजनीतिक शक्तिबाट छानिएका प्रतिनिधिमण्डल सुरुमा बनाउनुपर्ने हुन्छ । उच्चस्तरीय राजनीतिक संयन्त्र भन्नुस् वा जे सुकै नाम दिनुस्, सरकार बदलिंदा संयन्त्र नबदलियोस् । समाजवादी जस्तो पनि अलिकति साम्यवादी जस्तो पनि राजावादी जस्तो पनि र विकल्पवादी जस्तो पनि, झट्ट हेर्दा त्यो देखियोस् । हरेक निर्णयमा सबैको एउटै सम्झौतामूलक सहमति गर्ने परिपाटीलाई जीवन्त बनाइयोस् ।

यसको अर्थ हो- नेपालमा मूलत: चार राजनीतिक शक्ति छन्, सबैले राज्यमा स्थान पाएका छन्, कोही प्रतिबन्धित छैनन्, कसैले कसैलाई निषेध गर्दैन, नेपालमा मौलिक राजनीतिक व्यवस्था चलेको छ भन्ने सन्देश विदेशमा फैलाउन सक्नु । अस्वस्थ प्रतिस्पर्धाको घिनलाग्दो राजनीतिक परिपाटीलाई अन्त्य गरी विकल्पको सेवामूलक राजनीतिक परिपाटी संचालन गराउनुछ । समग्र देशको बहुआयामिक विकासको मोडलमा छलफल गर्नुछ । साझा र राष्ट्रिय कार्यक्रम निर्माण गरेर निगरानी गर्नुछ । लोकतान्त्रिक पद्धतिबाट इमानदारीपूर्वक विकासमा प्रतिस्पर्धा गर्नुछ । नागरिकलाई सीप सिकाउनुछ । क्षमता अनुसारको काम दिनु छ ।

मान्छेलाई ऊर्जाशील र अनुशासित बनाउन साझा राष्ट्रिय सांस्कृतिक आन्दोलन चलाउनुछ । गर्नुपर्ने धेरै छ । १० वर्ष दिलोज्यान दिएर लाग्ने हो भने एउटा हितकारी राज्य प्रणालीलाई जीवित बनाउन सकिन्छ । तर एउटा पंक्ति कामै नगरी मोजमस्तीले बाँचिरहेको छ । चौबिसै घन्टा काममा दलिने मरिरहेका छन् । विद्यार्थी र बलियो विदेश भागिरहेको छ ।

के यही हो त स्रोत साधन र अवसर को समानुपातिक र न्यायोचित वितरण ? यही हो त समाजवाद ? अर्कालाई दोष देखाएको छ, गर्नुपर्ने काम कसैले केही गरेको छैन । हामी आफैं गरुँ वा गर्न सकिन्छ भन्ने हो भने चार शक्तिका १/१ प्रतिनिधि एउटै टेबुलमा बसेर कहिले सम्झौता गर्ने ?

नागरिक समृद्ध नबने देश समृद्ध बन्न सक्दैन । हरेक नागरिकलाई चाँडै समृद्ध हुनुछ । के गरे हामी समृद्ध हुनेछौं ? हामीले चाहेको समृद्धि कस्तो हो ? यो कहिंकतै कसैले चर्चा गरेको पाइँदैन । प्रत्येक नागरिकले घर, गाडी र बैंक ब्यालेन्सको चाहना पूरा गर्नु समृद्धि हो कि कम्तीमा बिहान बेलुकी आरामले पेट पूजा गर्न पाउनु समृद्धि हो ? समृद्धिको आधार हाम्रो उर्बर भूमि हो जहाँ कङ्क्रिट थुपारेका छौं । समृद्धिको आधार हाम्रा नदीहरू हुन्, जुन पर्याप्त उपयोगसमेत गरेका छैनौं । समृद्धिको आधार हाम्रा जङ्गलहरू हुन् जहाँ हरेक वर्ष आगो लगाइरहेका छौं । समृद्धिको आधार हाम्रा जडिबुटी हुन् जुन विद्यार्थीलाई चिनाएकै छैनौं र तिनै युवा हाम्रो समृद्धिका आधार हुन् जो दैनिक हजारौंको संख्यामा विदेश गइरहेका छन् ।

राज्यको आह्वानमा नागरिक ज्यान दिन तयार हुन्छ तर त्यो विश्वास राज्यले जित्न सक्छ ? राज्यको अवस्था कमजोर भएकाले मेरो अवस्था कमजोर भएको हो भनेर नागरिक चित्त बुझाउँछ तर राज्य किन कमजोर छ ? नागरिकले राज्यको उपस्थिति कसरी महसुस गर्छ ? जागरणको राष्ट्रिय भाव आर्जन गर्नुछ भने राज्य र नागरिकका बीचमा सम्बन्ध सुधार हुन जरुरी छ । राज्यलाई दोहन गर्ने राजनीतिक दलको चिन्तनमा सुधार हुन जरुरी छ । कर्मचारी प्रशासनको पुरानो शैली बदलिनु अनिवार्य छ । पुरानै ढर्राको कर्मचारी प्रशासनले सेवा दिने हो भने जुनसुकै व्यवस्था आएपनि कसैलाई सुविधा हुँदैन । निजामती कर्मचारीलाई करारमा नियुक्त गरी पेन्सन प्रणाली हटाउन सके राज्यले अर्कै गति लिनेछ ।

कुर्सीमा हाकिम बनाएर राख्ने होइन, कर्मचारीलाई जागरिलो भएर मेहनत गर्ने र कार्यक्षेत्रमा दौडिने गरी प्रोत्साहन गर्नुपर्छ । भर पुर काम दिन सक्नुपर्छ । प्रविधि, वातावरण र सुविधामैत्री समाज निर्माण गर्नु हामी सबैको दायित्व हो । कर्तव्यपरायण नेतृत्व र जिम्मेवार नागरिक प्राप्त गर्न आचरण सुधार अभियान दल र नेताले पनि चलाउन जरुरी छ ।

शक्तिलाई स्वीकार गर्नुपर्छ । शक्तिले स्थान पाउनुपर्छ । एउटै व्यवस्थामा सबै शक्ति अटाउनुपर्छ । जुनसुकै बेला द्वन्द्व हुन सक्ने खतराबाट बेलैमा सबै सचेत रहनुपर्छ । व्यवस्था बदलिरहने परम्परा अवस्था परिवर्तनको बाधक हुन्छ । हाम्रा लागि हामीले नै बनाएको हाम्रो साझा कार्यक्रम हाम्रो विकल्प बन्न सक्छ । हामीसँग सधैं एउटै विकल्प हुन्छ त्यो विकल्प भनेको कांग्रेस कम्युनिस्ट राजावादी र वैकल्पिक शक्तिका १/१ प्रतिनिधिबाट खोजिने विकल्प हो ।

प्रकृति प्रेम नै मानव सुरक्षाको दीर्घकालीन मन्त्र हो । यसकै आधारमा मानव विचारहरूको एकता सम्भव छ । कसैको एक्लो बल र बुद्धिले सर्वहितकारी प्रणाली संचालनमा आउन सक्तैन । सुशासनको गतिलो प्रणाली कसैले एक्कासी चामत्कारिक रूपमा ल्याउने कुरा पनि होइन । देश केकेले बनेको छ, तिनलाई जोगाउन सके देश जोगिने हो ।

भूगोल मात्रै देश होइन । देश त जनसंख्या पनि हो । हाम्रो जनसंख्या हामीले जोगाउन सकेनौं । देश भाषा पनि हो हामीले हाम्रो भाषा बोल्न जानेनौं । देश संस्कृति पनि हो, हामीले हाम्रो संस्कृति संरक्षण गर्न सकेनौं । हामीले हाम्रो आर्थिक मेरुदण्ड पर्यटन कहिले बनाउने ? कृषि पर्यटन, वन तथा पहाड पर्यटन, हिमाल र नदी पर्यटन, धार्मिक तथा संस्कृति पर्यटनजस्ता विषयमा हाम्रो ध्यान कहिले पुग्ने ? आफूमात्रै सत्तामा टासिइरहने लिडेढिपिले मुलुकमा सुधार आउँदैन । आजको विश्व मङ्गलमा जङ्गल खोजिरहेको छ । हामी अपराधी र भ्रष्टाचारी खोजिरहेका छौं । बलत्कारी र हत्यारा भेटिरहेका छैनौं । कमसेकम खोज्न थाल्नु राम्रै कुरा होला । के अपराधी खोजेर मात्रै समृद्धि आउँछ ? सम्भावना खोज्नुपर्दैन ? लोभी र पापी मिलेर देश बन्छ र ? असल विचार भएका एक एक सिला खोजेर जिम्मेवारी दिनुपर्दैन ?

नेपालका राजनीतिक शक्तिहरूलाई पूर्वाग्रह र पक्षधरता नलिइकन फरक फरक ढंगले नियाल्दा प्रवृत्तिका आधारमा अपवादबाहेक खासै भिन्न भिन्न देखिंदैनन् । नाम र कथित वैचारिक चरित्रका आधारमा सबै भिन्न देखिन्छन् । वर्गीकरण गर्दा वाद र व्यवस्थाका आधारमा पनि गर्न सकिन्छ तर यहाँ वर्गीकरण भन्दा पनि होलसेलमा दलको नामाकरण गरिएको छ । जबसम्म चार शक्तिहरू मिलेरै विकल्पको खोजी गर्ने छैनन् वा विकल्प बन्ने छैनन् तबसम्म नामकरण चलि नै रहने छ । ती चार शक्ति हुन्- नेपाली थाङ्केस पार्टी, नेपाल भ्रमनिस्ट पार्टी, थाप्रपा र राष्ट्रिय कोरतन्त्र पार्टी ।

*(साभार:अनलाइनखबर)*

# अस्थिरतासँगै बरालिएको जनमत

✍ राजेन्द्र किराती

पछिल्लो समय नेपाली राष्ट्रिय राजनीति अकल्पनीय रूपमा गिजोलिएको छ । यो आत्मकेन्द्रित स्वार्थै स्वार्थको चक्रव्यूहमा घुमिरहेको छ ।

परिणामत: यसले राजनीतिक मूल्य-मान्यता र यसप्रतिको इमान-जमान, प्रतिष्ठा र विश्वास गुमाउँदै गएको देखिन्छ । आस्था र भरोसा ढल्दै गएका छन् । राजनीतिक कमान्ड, नेतृत्व र पथ प्रदर्शन सबै भद्रगोल बन्दै गइरहेको छ । अर्थात् राजनीति भनेको सिङ्गो समाजको नेतृत्व गर्ने मूल आयाम हो, जुन विकृत र विसङ्गत बन्दै गइरहेको छ । यो हामी नेपालीका लागि दु:खद विडम्बनाको कुरा हो ।

वस्तुत: यसले सहीलाई सही र गलतलाई गलत भन्ने वस्तुवादी संस्कृति मेटाउँदै गएको छ । स्वार्थकै आधारमा मात्र सही र गलत विन्यास हुन थालेको छ । सकारात्मक सोच हराउँदै गएको छ भने नकारात्मकताद्वारा समाज निर्देशित भइरहेको छ । आलोचनात्मक दृष्टिकोण लगभग शून्यको स्थितिमा रहेको छ । एकले अर्कोलाई निरपेक्ष निषेध र निरपेक्ष समर्थन गर्ने क्रम बढिरहेको छ । स्वार्थ मिलेमा गलत पनि सही र स्वार्थ बाझेमा सही पनि गलत भन्ने प्रवृत्ति मौलाइरहेको छ । यसले आफू मात्र सही अरू सबै गलत भन्ने भाष्य निर्माण भइरहेको छ । अन्तत: यस्तो रबैयाले सही र गलत उस्तै हुने खतरा बढिरहेको छ । उत्थान पतन, समर्थन विरोध र लोकप्रिय अलोकप्रियको पारो क्षण-क्षणमा घटबढ भइरहेको छ । आखिर यस्तो किन भइरहेको छ ? यस सन्दर्भमा यहाँ चर्चा गरिएको छ ।

### सिद्धान्तहीन अस्थिर राजनीति

सार्वभौमत: खास मानव समाजलाई दिशानिर्देश गर्दै नेतृत्वदायी भूमिका निभाउने विज्ञान नै राजनीति हो । राजनीति भनेको निश्चित विचार, सिद्धान्त र दृष्टिकोणद्वारा निर्देशित हुन्छ । यसको निश्चित लक्ष्य वा गन्तव्य हुन्छ, जुन प्राप्तिका लागि निश्चित राजनीतिक प्रक्रिया अपनाउने गरिन्छ । यो संगठित र योजनाबद्ध मात्र हुँदैन । यसको आ-आफ्नै सिद्धान्त, दृष्टिकोण, विचार र कार्यदिशा, हुने गर्दछ ।

मानव समाज कस्तो बनाउने भनेर सपाट मार्गचित्र कोरिएको हुन्छ । त्यसलाई प्राप्तिका लागि आन्दोलनको स्पष्ट कार्यक्रम र कार्ययोजना तय गरिन्छ । संघर्ष, आन्दोलन र चुनाव आन्दोलनको प्रकृतिजस्तो भए पनि स्पष्ट खाका बोकेर संगठित रूपमा जनतामा जाने भन्ने हुन्छ ।

हाम्रो राजनीतिलाई सिद्धान्त र दृष्टिकोणले नेतृत्व गरिरहेको छैन । सिद्धान्त र विचारलाई बेकार भन्न थालिएको छ । यो दु:खद कुरा हो । यहाँ कसको विचार सही र कसको गलत भनेर विश्लेषण गरिँदैन । कुन पार्टीको राजनीतिक दृष्टिकोण, कार्यदिशा र कार्यक्रम के हो भनेर जिज्ञासा राख्नुको औचित्य समाप्त हुँदै गएको छ ।

पार्टीको विधान र राजनीतिक दस्तावेजहरू अध्ययन गरेर धारणा बनाउने गरिँदैन । सार हेरेर प्रतिक्रिया दिनुभन्दा पनि रूपवादी सौन्दर्यमा छचल्किएर अभिमतहरू निर्माण गर्ने क्रम बढिरहेको छ ।

परिणामत: अहिलेको उपभोगवादी युगमा राजनीतिक दस्ताबेज होइन, टिकटक, युट्युब र फेसबुक लाइभहरूमा बहकिएका भावना हेरेर समर्थन र विरोधको लक्ष्मणरेखा कोर्न थालिएको छ । पाँच सेकेन्डको टिकटक नै सबैथोक भएको छ । चोटिलो, घोचिलो र स्वादिलो भनाइ वरिपरि भावना केन्द्रीकरण हुन थालेको छ । तब सिद्धान्त र दृष्टिकोणविनाको राजनीति अस्थिर, अस्थायी र इमोसनल हुने गर्छ । आज हामी यसैको नियति भोगिरहेका छौं ।

### बरालिएको जनमत

वस्तुत: सबै जनमत सही नै हुन्छ भन्ने हुँदैन, तर गतिशील समाजले जहिले पनि सकारात्मक वा अग्रगामी जनमतको अपेक्षा राख्छ । यसरी जनमतको सही र गलतपनाको निर्धारक भनेको सिद्धान्त र दृष्टिकोण नै हो । आम मनोविज्ञान र भाष्य निर्माण हुने भनेको विचारले नै हो । विचारद्वारा निर्देशित अवधारणाहरू उत्पादनमूलक, टिकाउ र भरपर्दो हुने गर्छ । अर्थात् सिद्धान्तद्वारा प्रशिक्षित मनोविज्ञानहरू ठुलै हावाहुरीमा पनि डगमगाउँदैन । भाष्यहरू त्यत्तिकै मेटाउँदैन । त्याग, तपस्या र बलिदान त्यतिकै मर्दैन । विचारद्वारा निर्देशित जनमत सतिसालझैं उभिइरहन्छ सितिमिति ढल्दैन ।

निश्चित लक्ष्य प्राप्ति नभएसम्म दशकौं मात्र होइन, सयौं वर्षसम्म लक्ष्यमा अविचल लागिर हन्छ । जुन समाजमा सिद्धान्त र विचारले नेतृत्व गरिरहेको छ, त्यहाँ जनमत पनि परिपक्व हुन्छ, तर राजनीतिक दृष्टिकोणको लगामविनाको जनमतले छिनछिनमा दिशा र रूपरङ्ग बदलिरहन्छ । यही संवेदनशीलताकै कारण भड्किने र बरालिने काम भइरहन्छ । भड्किएको जनमतको अन्तर्यमा दीर्घकालिक चरित्रको कल्पना गर्न सकिन्न । संकटको सामना गर्ने क्षमता पनि हुँदैन ।

त्यसैले आज नेपाली राजनीतिमा सिद्धान्त र दृष्टिकोण असाध्यै रक्षात्मक रहेको छ । तब जनमतहरू वैचारिक राजनीतिक लगामद्वारा निर्देशित छैन । यहाँ सिद्धान्त अध्ययन गरेर, दस्ताबेज पढेर, इतिहास हेरेर, कार्यक्रम बुझेर अनि उद्देश्य मिलेर जनमत बन्दैन । यहाँ त स्वार्थगत रणनीतिमा सामाजिक सञ्जालमार्फत भाइरल बनाइएका 'भिडियो क्लिप्स'को नसा र स्वादमा धारणा बन्ने गर्छ ।

*बाँकी पृष्ठ-३....*

# ठेकेदारको पासोमा राष्ट्रिय परिचयपत्र, सरकार निरीह

काठमाडौं/फ्रान्सेली ठेकेदार कम्पनी आईडीईएमआईएले आगामी १ भदौदेखि राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीको 'फुलसाइज सपोर्ट' बन्द गर्ने चेतावनी दिएको छ । प्रणालीको समग्र सिस्टमको मर्मत सेवाबापत सरकारले एक वर्षसम्म शुल्क नदिएपछि कम्पनीले सेवा बन्द गर्ने चेतावनी दिएको हो ।

कम्पनीले भनेअनुसार सेवा रोकेमा राष्ट्रिय परिचपत्र वितरण प्रणाली नै बन्द हुने अवस्था छ । सरकारले एक वर्षदेखि अतिगोप्य र संवेदनशील प्रणाली बिना कुनै सम्झौता विदेशी कम्पनीलाई चलाइरहन दिँदा समस्या जटिल बनेको हो ।

गृह मन्त्रालय स्रोतका अनुसार गत १ अगस्ट २०२२ मै सरकारले मर्मतसम्भार सेवाका लागि कम्पनीसँग एनुअल मेन्टिनेन्स कन्ट्र्याक्ट (एएमसी) गर्नुपर्ने थियो । एक वर्षसम्म ठेकेदार कम्पनीसँग सम्झौता बिना नै यो कम्पनीले काम गरिरहेको खुलेको छ ।

असार २०७६ मा नै सरकारले राष्ट्रिय परिचयपत्रका लागि आईडीईएमआईएसँग सम्झौता गरेको थियो । सरकारले सार्वजनिक खरिद विधि प्रक्रिया नअपानाई मन्त्रिपरिषदबाट निर्णय गराएर सो सम्झौता गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागलाई अधिकार दिइएको थियो । एशियाली विकास बैंकको सहयोगमा नमूना परियोजनाका रुपमा सिंहदरबारका कर्मचारीको राष्ट्रिय परिचयपत्र बनाउन छानिएको आईडीएमआईएलाई सोझै करिब एक अर्बको ठेक्का दिइएको थियो ।

गतवर्षदेखि नै राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले मन्त्रालयलाई कम्पनीसँग एएमसीका लागि पत्राचार गरिरहेको




छ । तर, एक वर्षसम्म एमएमसीको निर्णय र सो सेवाबापतको शुल्क भुक्तानी नभएपछि कम्पनीले १ भदौदेखि सेवा बन्द गर्ने भन्दै पत्राचार गरेको थियो ।

'कम्पनीले सेवा बन्द गरेमा परिचय पत्र प्रणाली सञ्चालन गर्न सकिँदैन भनेर विभागबाट रिपोर्टिङ भएको छ,' मन्त्रालय स्रोतले भन्यो, 'अहिलेसम्म प्रणाली सञ्चालन व्यवस्थापनमा कम्पनीले खटाएका इन्जिनियरहरु नै संलग्न छन् ।'

विभागका सूचना अधिकारी नवराज जैसी राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीको सञ्चालन तथा व्यवस्थापनमा संलग्न कम्पनीसँगको एएमसी सम्झौता गर्ने विषय प्रक्रियामै रहको बताउँछन् । 'सेवा बन्द गर्ने चेतावनी औपचारिक रुपमा आएको जानकारी छैन,' उनले भने, 'अझै केही समय बाँकी छ, हामी प्रक्रियामै छौं ।

स्रोतका अनुसार विभागले यो कामका लागि नयाँ खरिद प्रक्रियामा जान चाहेको थियो । तर, मन्त्रालयले रोक्यो । त्यसपछि यसलाई भेरियसन आदेशबाट सल्टाउन खोजियो ।

भेरियसनका लागि विभागले कम्पनीसँग वार्ता त गरेको छ । तर, कम्पनीले उच्च मूल्य प्रस्ताव गरेपछि सरकार बिलखबन्दमा परेको छ । स्रोतका अनुसार कम्पनीले एएमसीका लागि कुल ठेक्का रकमको वार्षिक १५ प्रतिशत बराबरको रकम माग गरेको छ ।

ठेक्कामा २ करोड वटा परिचयपत्र छाप्ने कार्डको आपूर्ति सहित इन्रोलमेन्टका चाहिने ल्यापटप आपूर्तिसम्मको काम पनि एउटै परियोजनामा थियो । यसरी सफ्टवेयरबाहेकको कामका लागि जोडिएको मूल्यसमेत नघटाई कुल मूल्यको १५ प्रतिशत रकम फूलसाइज सर्पोटका लागि दिनुपर्ने गरी विगतमा आपरदर्शी सम्झौता हुँदा अहिले कम्पनीले त्यसकै आधारमा ठूलो रकम दाबी गरेको हो ।

मन्त्रालय स्रोतकाअनुसार खरिद सम्झौतामा नै यस्तो सेवाका लागि वर्षमा कुल ठेक्का रकमको १५ प्रतिशत शुल्क लाग्ने उल्लेख रहेको जानकारी विभागले दिएको छ । यसअनुसार कम्पनीले वर्षमा करिब १८ करोड बराबर सेवा शुल्क पाउने देखिएको छ । ४ वर्षसम्म यस्तो सेवा लिन सकिने अवस्था रहेको स्रोतको दाबी छ ।

'सिस्टम त हाम्रै हो । मुख्य सोर्सकोड कम्पनीसँगै छ,' स्रोतले भन्यो, 'अरु सहायक सफ्टवेयरको सोर्सकोड हामीसँग छ, सम्झौतामा सोर्सकोडको कुरा उल्लेख नहुँदा अहिले कम्पनीले मुख्य प्रणालीको सोर्सकोड दिन नचाहेकाले पनि समस्या भएको हो ।'

एक वर्षसम्म सेवा नवीकरण नभएपछि कम्पनीले १७ जेठमा सेवा बन्द गरेको थियो । वार्तामार्फत विभागले सेवा नवीकरण हुने लिखित आश्वासन दिएर सेवा लिँदै आएको छ । कम्पनीले पटक पटक चेतावनीपत्र पठाउँदै सेवा अवरुद्ध हुने बताउँदै आएको र आगामी १८ अगस्ट (१ भदौ)लाई अन्तिम समयसीमा हुने बताएको छ ।

तर, अहिलेसम्म सेवाका लागि सम्झौता हुने र एक वर्षको सेवा शुल्क तिर्नेबारे सरकार अनिर्णित रहेकाले संवेदनशील राष्ट्रिय परिचयपत्रको प्रणाली नै बन्द हुने अवस्था आएको छ । यसले नागरिकको बायोमेट्रिकसहित १८ थरीका अति वैयक्तिक विवरण राखिएको प्रणाली सरकारको नियन्त्रणबाहिर रहने छ ।

अहिले विभागमा सरकारका ३ जना मात्रै सूचना प्रविधि इन्जिनियर छन् । थप करिब १० जना इन्जिनियर आईडीईएमआईएबाटै खटिएका छन् ।

'यत्रो ४ वर्षसम्म हामीले आफ्नो क्षमता विकास गरेनौं,' मन्त्रालयका एक अधिकारी भन्छन्, 'त्यसो गर्न सकेको भए प्रणालीको सोर्सकोडका लागि भुक्तानी गरेर प्रणाली हाम्रै नियन्त्रणमा राख्न सक्थ्यौं ।' अब सम्झौता नवीकरण नभए कम्पनीले अन्तर्राष्ट्रिय मध्यस्थतामा मुद्दा दायर गर्ने चेतावनी दिएको छ ।

यस्तो अवस्थामा विभागले विभिन्न समाधानका उपायसहितका प्रस्ताव मन्त्रालयमा पठाएको छ । मन्त्रालयले सो प्रस्ताव मन्त्रिपरिषदमा लगेर मात्रै पारित गर्नसक्ने अवस्था छ । 'मन्त्रालयका सचिव दिनेश भट्टराईज्यू नै राष्ट्रिय परिचयपत्र प्रणाली सुरु गर्दा विभागमा महानिर्देशक हुनुहुन्थ्यो,' एक अधिकारी भन्छन्, 'उहाँले यो समस्याको गाम्भीर्यता राम्रोसँग बुझ्नुभएको छ ।'

अहिलेसम्म करिब १८ लाख परिचयपत्र छापिएको छ । तर, करिब १ करोड ३१ लाख नागरिकले प्रणालीमा आफ्ना फोटो र बायोमेट्रिकसहितको विवरण दिइसकेका छन् । गृह मन्त्रालयका प्रवक्ता नारायण भट्टराई राष्ट्रिय परिचयपत्रको प्रणाली सञ्चालनमा समस्या पर्ने अवस्था आएको विषय आफूले पनि सुनेको बताए । 'यो विभागसँग सम्बन्धित विषय हो,' उनले भने, 'विभागसँग नै यसबारे बुझ्नुभए हुन्छ ।'

*(स्रोतः अनलाइनखबर)*

# सलोनसँग मेरो स्वभाव मिल्छ : केकी अधिकारी

काठमाडौं/अभिनेता सलोन बस्नेतले बाल कलाकारको रुपमा फिल्ममा अभिनय गर्दा अभिनेत्री केकी अधिकारी बाल्यकालकै अवस्थामा थिइन् । त्यसबेलाका सुपरस्टारहरुसँग सलोनले काम गरेका फिल्म उनले प्रायः हेरेकी छन् । उनको 'चाइल्ड स्टार' थिए, सलोन । उनलाई सलोनले बाल्यकालमा खेलेका फिल्महरु मात्र होइन, अभिनेता राजेश हमालसँग अन्तर्वार्ता दिँदाको अभिव्यक्ति समेत कन्ठस्थ छ ।



अहिले उनै सलोनसँग जोडी बाँधिएर केकीले फिल्म 'जय हो'मा काम गरेकी छन्, जुन आगामी भदौ ८ गतेबाट प्रदर्शनमा आउँदैछ । उनीहरुको पहिलो पटक सहकार्य भएको हो । आफ्नो बाल्यकालको 'चाइल्ड स्टार'सँग काम गर्न पाउनु केकीका लागि आफैंमा खुसीको क्षण थियो । सलोनसँग पहिलो पटक फिल्ममा सहकार्य भएता पनि त्यो महसुस भने कहिल्यै नभएको उनको अनुभव छ ।


उनी भन्छिन्, 'एउटा राम्रो कलाकारसँग काम गर्दाको राम्रो पक्ष भनेको त्यसले तपाईंकै काममा निखारता ल्याउँछ । सलोनसँग यही महसुस हुन्छ मलाई । कहिले पनि पहिलोचोटी काम गरेको जस्तो लागेन । फिल्ममा कति धेरै रोमान्टिक सिनहरु छन् तर अप्ठ्यारो महसुस भएन । हामी दुवैमा व्यावसायिकता भएर पनि होला । सधैं क्यारेक्टर र फिल्मको बारेमा नै सोच्ने हाम्रो स्वभाव पनि मिल्ने ।'

प्रायः फिल्ममा सहायक चरित्रमा सीमित सलोनलाई मुख्य नायकको रुपमा चल्न 'जय हो'को सफलता अनिवार्य रहेको टिप्पणी हुँदै आएको छ । तर, केकी यसखालको मापदण्डमा कलाकारलाई पार्न नहुने तर्क राख्छिन् । एउटा राम्रो कलाकार दुई सिनकै लागि भए पनि इमानदारपूर्वक काम गर्नु नै रहेको उनको भनाई छ । सलोनले यसपटक पनि आफूलाई प्रमाणित गर्ने उनको विश्वास छ ।

कथा मिठो भएकाले 'जय हो'मा आफू जोडिएको उनी बताउँछिन् । ट्रेलरमा कथालाई लुकाइएको उनको तर्क छ । 'ट्रेलरमा हामीले जानीजानी नै कथालाई भनिएको छैन । कथा यति मिठो छ, जसले मलाई तान्यो । तर, ट्रेलरमा हामीले त्यसलाई देखाउन सकेनौं । फिल्म हेरेपछि दर्शकलाई ट्रेलरभन्दा धेरै माथि रहेछ भन्ने लाग्छ,' उनले भनिन् । फिल्मलाई टेक पौखरी राईले निर्देशन गरेका हुन् ।

# जहाँ भुवन, त्यहाँ जीया

काठमाडौं/कानुनी रुपमा श्रीमान्-श्रीमती भैसकेका छन्, भुवन केसी र जीया केसी । तर, उनीहरु एउटै घरको छतमुनी बस्न थालेको भने एक दशकभन्दा बढी भैसकेको छ । अर्थात् यो जोडी लिभिङ टुगेदरमा छन् । कुनै बेला 'भुवनसँग विवाह गर्न तयार छु' भन्ने अभिव्यक्ति दिएकी जीया अहिले भुवनको जीवनको साहरा बनेकी छन् । भुवनका हरेक उतार-चढावमा उनी सतिसालझैं उभिने गरेकी छन् ।



भुवनले निर्माण तथा निर्देशन गर्ने फिल्ममा जीयाले नै अभिनेत्री खोजिदिन्छिन् । साम्राज्ञी आरएल शाह, उपासना सिंह ठकुरी उनकै सिफारिसमा फिल्ममा जोडिएका थिए । भुवनको आलोचना हुँदा उनी बचाउमा उत्रिन्छन् । उनलाई अनमोल केसीको आलोचना पनि संघह्य हुँदैन । भुवनसँग जोडिएपछि अभिनय नै छाडेकी उनले विवाह नभए पनि भुवनको घर र जीवन सम्हाल्दै आएकी छन् ।

भुवन पनि कहीं जाँदा जीयाको साथ छाड्दैनन् । देश तथा विदेशमा हुने कार्यक्रममा उनीहरु प्रायः एकसाथ पुग्छन् । कहिले काहिँ भुवनले जीयालाई आफू अध्यक्ष रहेको चलचित्र विकास बोर्डमा समेत लैजाने गरेका छन् । यतिबेला एक अवार्डमा सहभागी हुन यो जोडी अमेरिकाको न्यूयोर्कमा छन् । साथमा अनमोल पनि छन् । आयोजकको खर्चमा उनीहरुको भने 'फेमिली टुर' भैरहेको छ ।

लामो समय सम्बन्ध ढाकछोप गरेका भुवन र जीयाले अचेल निर्धक्क प्रेम अभिव्यक्त गरिरहेका हुन्छन् । जीयाको टिकटकमा समेत भुवनलाई देख्न पाइन्छ । गत वर्ष एक अन्तर्वार्तामा भुवनले जीयासँगको सम्बन्धलाई निर्णायक मोड दिने योजनामा रहेको बताएका थिए । उनको आशय अब जीयासँग विवाह बन्धनमा बाँधिने भन्ने थियो । यसअघि अभिनेता केसीको दुई बिहे टिक्न सकेको थिएन ।

# अर्थतन्त्र चलायमान बनाउन अर्थमन्त्रीले बैंकरसँग मागे सहयोग



काठमाडौं/अर्थतन्त्र चलायमान बनाउन अर्थमन्त्री डा. प्रकाशशरण महतले सहयोग मागेका छन् । आइतबार नेपाल राष्ट्र बैंकका गभर्नर, बैंकर तथा निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाका प्रमुखहरुसँगको छलफलमा मन्त्री महतले अर्थतन्त्र चलायमान बनाउन सबैको साथ आवश्यक रहेको बताएका हुन् ।

'अर्थतन्त्र राम्रो भयो भने बैंक फाइदामा जान्छ, लगानीको वातावरण राम्रो हुन्छ । अर्थतन्त्र वृद्धि हुन्छ,' उनले भने, 'यसले सरकारलाई पनि राम्रो गर्छ, राजस्व बढ्छ ।'

सरकार, निजी क्षेत्र र बैंक मिलेरै यस्तो वातावरण बनाउन सकिने उनको भनाइ छ । 'सबै मिलेर काम गरौं, हामी पनि एक अर्कालाई सघाउने हो,' उनले भने ।

बैंकरले टास्क फोर्सको माग गरेको सन्दर्भमा उनले सरकारले त्यसलाई मध्यनजर गर्ने बताए । निजी क्षेत्रको गुनासोबारे बोल्दै उनले भने, 'तरलता छ, पैसा, रेमिट्यान्स बढेको छ, पर्यटक बढेको छ, तर, आर्थिक गतिविधि बढेन, लगानी बढेन ।'

रियल इस्टेटमा गएको लगानी समस्यामा परेको सन्दर्भ निकाल्दै उनले स-साना प्लटिङ धेरैमा लगानी जाँदा समस्या आएको बताए । आफ्नो लागि मात्र जग्गा किन्न नभई डेढ गुणा बढ्छ, दुई गुणा बढ्छ भन्ने लोभमा गरिएका स-साना लगानीले बढी समस्या निम्तिएको उनको भनाइ छ । यसलाई सल्टाउन कित्ताकाट खुला गरिएको उनले बताए ।

निर्माण क्षेत्रको आन्दोलनबारे बोल्दै उनले यसमा भने धेरै समस्या नरहेको बताए । जेठ र असारमा मात्र झण्डै ७० अर्ब भुक्तानी गरिएको र अब ७/८ अर्ब बाँकी रहेको भन्दै उनले यो र कम समेत प्रक्रिया मिलाएर भुक्तानी गरिने उनको भनाइ छ ।

**बैंकरसँग के गरे अपेक्षा ?**

अर्थमन्त्री डारु. महतले बैंकर र व्यवसायीसँग दुई चरणमा छलफल गरेका थिए । पहिलो चरणमा नेपाल उद्योग बाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स तथा नेपाल बैंकर्स संघका अध्यक्षहरुसँग उनले छलफल गरेका थिए । सो छलफलमा मन्त्रीका अतिरिक्त राष्ट्रबैंकका गभर्नर महाप्रसाद अधिकारी तथा अर्थ मन्त्रालयका वरिष्ठ आर्थिक सल्लाहकारद्वय डा. पोषराज पाण्डे र डा. गुणाकर भट्ट पनि थिए । त्यस्तै, दोस्रो बैठकमा मन्त्रीले बैंकका सीईओहरुसँग मात्रै छलफल गरेका थिए ।

अर्थमन्त्री डा. महतले बैंकिङ क्षेत्रबाट अब 'डिमान्ड इन्करेज' गर्नु पर्ने अपेक्षा गरे । 'तपाईंहरुको प्रतिस्पर्धात्मक स्पिड मेन्टेन गरेर, लगानीकर्ताका कन्सर्न सम्बोधन गर्दै अगाडि बढ्नुहोस,' उनले भने ।

ऋण नतिरौं भन्ने सामाजिक सञ्जालमा उठ्ने अभियानलाई बढावा दिने पक्षमा भने सरकार नरहेको उनको भनाइ छ । राष्ट्र बैंकबाट दिने सुविधामा काम भइरहेको भन्दै उनले पोलिसी रेट घटेको र रियल इस्टेटको डिमाण्डलाई लयमा फर्काउन प्रयास गरिएको बताए । उत्पादनशील क्षेत्रमा लगानी बढाउने, आन्तरिक लगानीमा करको दर र्‍यासनलाइज गरिएको समेत उनले बताए ।

लगानीकर्तामा खर्च गर्ने आत्मविश्वास बढाउन नसकिएको भन्दै उनले वास्तवमै समस्यामा रहेका लगानीकर्तालाई केही सहज अवस्था बनाइदिन उनले बैंकर्ससँग आग्रह गरे । 'यही मौकामा धितो सकारिहालौं भन्ने नगरौं, सम्पत्ति भएर पनि क्यासमा परिणत गर्न नसकेको गुनासो छ, उनले भने, 'धेरै एग्रिसिभ नहुनुहोस् ।'

छलफलमा निजी क्षेत्रले उद्योगमा जग्गाको हदबन्दी तथा निजी क्षेत्रले उत्पादन गरेको विद्युत खरिद गरिदिनुपर्ने माग गरेका थिए । साथै कर्जाको ब्याजदर घटाउनुपर्ने, सेयर कर्जा सजिलो बनाउनुपर्ने, कर्जामा आधार दरमा थप गर्ने अधिकतम प्रिमियम तोक्नुपर्ने माग निजी क्षेत्रले राखेका हुन् । पछिल्लो समय बैंकहरुले कर्जा असुलीका लागि आक्रामक रुपमा धितो लिलाम गरेको भन्दै निजी क्षेत्रले त्यसलाई केही समय रोकिदिन माग गरेका थिए ।

अहिले बैंकहरुको ब्याजदर घट्दो क्रममा नै रहेकाले यो सामान्य बन्दै जाने विषयमा आफूहरुले बताएको बैंकर्स संघका अध्यक्ष सुनिल केसीले जानकारी दिए । 'अहिले ब्याज कम नै हुँदा पनि ऋण जान सकेको छैन त्यसो हुँदा ब्याज मात्रै समाधान होइन भनेर हामीले भन्यौं,' उनले भने ।

# अस्थिरतासँगै बरालिएको...

सेकेन्डको दृश्यले रातारात जनमत बन्ने गर्छ भने सेकेन्डकै दृश्यले जनमत बिग्रने गर्छ । सुत्दाको जनमत बिहान उठ्दा अर्केको काखमा गइसकेको हुन्छ । यस्तो बहकिएको र बरालिएको जनमतले कसैलाई पनि धेरै टाढा वा लक्ष्यसम्म साथ दिन सक्दैन । अर्थात् नियमतः जति सहज ढंगले जनमत वा समर्थन प्राप्त भएको छ, खस्कने खतरा पनि त्यति नै रहन्छ । अर्थात् बरालिएको जनमतले संकटमा साथ दिन सक्दैन । यो जनमतसम्बन्धी द्वन्द्वात्मकता हो ।

**महाअस्थिरतातिरको यात्रा**

मूलतः पछिल्लो नेपाली जनमतमा राजनीतिक चरित्र शून्य प्रायः देखिन्छ । आजकलको जनमतमा राजनीति, विचार, एजेन्डा, कार्यदिशा, कार्ययोजना र कार्यक्रम जस्ता आयाम निर्णायक हुँदैन । यो केवल सामाजिक सञ्जालजन्य रणनीतिक स्वार्थमा भाइरल बनाइएको स्वादिलो भिडियोमा आधारित छ । यस्तो जनमतले राजनीति, विचार, एजेन्डा र कार्यदिशा केही पनि चिन्दैन अनि बुझ्दैन । बुझ्ने इच्छाशक्ति पनि राख्दैन । यो मिडिया स्टन्टबाजी, प्रचार र हल्ला-खल्लाको पछि मात्र दौडिएको हुन्छ । यसले अवसरवादी स्वार्थका लागि पूर्वी र पश्चिमी वायुजस्तो दिशा परिवर्तन गरिरहन्छ ।

यसरी विचार, राजनीति, एजेन्डा, कार्यदिशा र कार्यक्रमविनाको जनमत भनेको खहरेको बाढी जस्तो मात्र हो । यो डाँडापाखा गडगडाएर आउँछ जान्छ, तर नदी शान्त भएर सुसाउँदै बगिरहन्छ अनि त ढिलो चाँडो गन्तव्यमा पुगेरै छाड्छ । राजनीतिक विचारबाट प्रशिक्षित आम कार्यकर्ता भनेको खहरेजस्तो बरालिएको हुँदैन । राजनीतिक गन्तव्यमा आउने अप्ठेरो र असहजता बुझेका हुन्छन् ।

आजको जनमत भनेको उपभोगवादद्वारा निर्देशित छ । यस्तो जनमत कतिखेर कता बहकिने र बरालिने हो केही भन्न सकिन्न अनि अनुमान गर्न सकिन्न । जता मन लाग्छ, त्यतै बहकिने र बरालिने उनीहरूको नागरिक अधिकारको कुरा हो । यस्तो जनमतले हामी र हाम्रो मुलुकलाई भने महाअस्थिरता, महाभद्रगोल र महाअनिर्णयको चक्रव्यूहमा फसाउने छ ।

**निष्कर्ष**

त्यसैले निश्चित राजनीतिक विचार र दृष्टिकोणबाट बनेको जनमत खस्किनु गम्भीर कुरा हो । किनभने यस्तो जनमत रातारात बनेको हुँदैन, लगानी धेरै गरिएको हुन्छ । भावना र स्वार्थमा बरालिएको जनमत क्षण क्षणमा संघटन र विघटन हुने गर्दछ, जुन बढ्नु र घट्नुले खासै औचित्य राख्दैन । यस्तो जनमतलाई बढाउन धेरै लगानी र हैरानी परेसानी गर्नुपर्दैन, साथै घटाउन पनि कुनै आइतबार पर्खनुपर्दैन । यो सजिलै आउँछ र सजिलै जान्छ पनि । यसरी टिकटक भिडियोको भावनामा बग्ने जनमतको दीर्घकालीन भर पर्नु गलत हुन्छ ।

कसैले यस्तो बहकिएको र बरालिएको जनमतको क्षणिक साथबाट सारा संसार जित्ने महत्वाकांक्षा बोकेको छ भने त्यो उसको वस्तुवादी नभएर केवल बनिबनाउ चाहना र मनगढन्ते सपना मात्र हुन्छ, साथै दम्भ-घमण्ड गर्ने बहाना मात्र बन्नेछ ।

तसर्थ सामाजिक सञ्जालको चोटिलो, घोचिलो र स्वादिलो भावनामा बहकिएको र बरालिएको जनमतले नेपाली समाजको अग्रगामी निकास पहिल्याउन सक्दैन । यस्तो खहरे जनमतले कुनै अमूक पार्टी, समुदाय र नेतालाई क्षणिक लाभको पदसँगै प्रतिष्ठा, पावर र पैसा आर्जन होला । मान-मर्यादा र इज्जत-सम्मान पनि देला । मिडिया स्टन्टबाजी, हल्ला-खल्ला र हाउभाउ पनि मनग्गे होला । सस्तो लोकप्रियताको शिखर पनि चढाउला । हिरो बनाएर जयजयकार पनि गर्ला, तर नेपाली राजनीतिमा व्याप्त तमाम खाले समस्याको वस्तुवादी समाधान भने हुँदैन ।

आज राम बहादुरलाई खोज्ने जनमतले भोलि बमबहादुरलाई खोज्ने छ अनि पर्सि राम र बम कसलाई रोज्ने आफैं दोधारमा पर्नेछ । यस्तो गलत रबैयाले पुस्तौंसम्म पिरोल्ने छ । तब बहकिएको र बरालिएको जनमतको आडमा धेरै हौसिने मात्तिने र पात्तिने नगरौं । बरु वैचारिक राजनीतिक जनमतलाई बटुलबाटुल पारौं । यसैमा स्थिर र परिपक्व राजनीति अडाउन सकिन्छ ।

*(साभारः रातोपाटी)*

# 'घर ज्वाइँ'मा दयाहाङ र मिरुनाको जोडी

काठमाडौं/भनिन्छ, 'सबैले बलेकै आगो ताप्छन् ।' अभिनेता दयाहाङ राई र अभिनेत्री मिरुना मगरको हकमा यो कुरा लागू हुन्छ । 'कबड्डी ४' र 'जारी'को 'रेकर्डब्रेक' सफलतापछि यो जोडीलाई फिल्ममा खेलाउन मेकरहरुबीच खोसासोख छ । उनीहरुले पनि सहकार्यलाई निरन्तरता दिइरहेका छन् । फिल्म 'नाङ्गो गाउँ'मा काम गरिसकेका उनीहरु भदौबाट फिल्म 'रंङ्गेली ग्याङस्टार'मा काम गर्दैछन् ।



यसबीच, दयाहाङ र मिरुनालाई लिएर अर्को नयाँ फिल्म बन्ने भएको छ, 'घर ज्वाइँ' । अनिल बुढा मगरको निर्देशनमा बन्न लागेको फिल्मको मुख्य भूमिकामा एक महिना अगाडि दयाहाङ अनुबन्धित भएका थिए भने यसै हप्ता मिरुनासँग सम्झौता गरिएको छ । फिल्ममा उनीहरुको जोडी बाँधिने जनाइएको छ । आगामी माघबाट छायांकनमा निस्कने फिल्मको निर्माता जनक घर्ती मगर हुन् ।

जिएम मुभी प्रोडक्सनको ब्यानरमा बन्न लागेको फिल्ममा दया र मिरुनासँगै बुद्धि तामाङ, पुष्कर गुरुङ, शिशिर वान्देल, राज थापा काउचाको पनि अभिनय रहनेछ । निर्देशक मगरसहित विनोद खतिवडा र सुभाष कोइरालाको लेखन रहेको फिल्मको छायांकन रुकुममा हुनेछ । नामले नै फिल्मको कथावस्तुबारे बुझाउँछ । रोहित-रत्नको आरआर फिल्म्सले फिल्मलाई देशभर वितरण गर्नेछ ।

# दीयाले चढिन् अफ्रिकाको सबैभन्दा अग्लो हिमाल किलिमन्जारो

काठमाडौं/अभिनेत्री दीया पुनले सफलतापूर्वक अफ्रिकाको सबैभन्दा अग्लो हिमाल किलिमन्जारोको आरोहण गरेकी छन् । आइतबार बिहान ठीक साढे ७ बजे उनी हिमालको चुचुरोमा पुगेकी हुन् । ५ हजार ८ सय ९५ मिटर (१९ हजार ३४१ फिट) अग्लो उक्त हिमालको चुचुरोमा पुगेपछि उनले नेपालको झण्डा फहराएकी थिइन् । उनले आफ्नो अर्को सपना पूरा भएको भन्दै खुसी व्यक्त गरेकी छन् ।

दीयाले पहिलो पटक हिमाल चढेकी भने होइनन् । गत वर्षको जेठमा संसारकै सबैभन्दा अग्लो हिमाल सगरमाथाको सफलतापूर्वक आरोहण गरेकी उनले त्यसअघि विश्वकै आठौं अग्लो मनास्लु हिमाल (८ हजार १ सय ६३ मिटर) चढेकी थिइन् । अर्जेन्टिना स्थित ६ हजार ९ सय ६१ मिटर अग्लो हिमाल अकोनकागुवाको समेत उनले आरोहण गरिसकेकी छन् । हिमाल आरोहण उनको रुचि हो ।

फिल्म 'वीर विक्रम'बाट अभिनेत्रीको रुपमा सुखद डेब्यू गरेकी दीयाको यस वर्षको असार ८ गते फिल्म 'अन्तिम संस्कार' प्रदर्शनमा आएको थियो । उनले कोरोना महामारीभन्दा अगाडि काम गरेको फिल्म 'दयारानी' भने प्रदर्शनको पखाईमा छ ।

के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# थाहामा विकास बजेट भन्दा चालुखर्च अधिक

साझाकुरा संवाददाता

हेटौंडा, २८ साउन/ मकवानपुरको थाहा नगरपालिकाले गत आर्थिक वर्ष २०७९/८० को वार्षिक समिक्षा गरेको छ । समिक्षामा प्रस्तुत विवरणअनुसार थाहामा विकास बजेट भन्दा तलब, भत्ता, सुविधा र कार्यालय सञ्चालन खर्च अधिक रहेको पाइएको छ ।

थाहा नगरपालिकाले आर्थिक वर्ष २०७९/८० मा ८०.५९ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ । कुल १ अर्ब १९ करोड २६ लाख ११ हजार ८ सय ६२ रुपैयाँ बजेट रहेकोमा ९४ करोड ६३ लाख १३ हजार २ सय ५६ रुपैयाँ खर्च भएको नगरपालिकाले २५ साउनमा आयोजना गरेको आर्थिक वर्ष २०७९/८० को वार्षिक समिक्षा कार्यक्रममा जानकारी दिएको छ ।

सरकारको सर्वत्र चासोमा रहने पुँजीगत खर्च भने थाहा नगर पालिकाले ७०.९० प्रतिशत गरेको छ । ६७ करोड ८ लाख २० हजार ७ सय ६२ रुपैयाँ पुँजीगततर्फ विनियोजित बजेटमध्ये पालिकाले ४७ करोड ५२ लाख ६७ हजार २ सय २४ रुपैयाँ खर्च गरेको नगरपालिकाका आर्थिक प्रशासन शाखाप्रमुख हरि बहादुर खपाङ्गी मगरले जानकारी दिए । पुँजिगत खर्च भनेको विकास निर्माणमा हुने खर्च हो ।

नगरपालिकाले चालुतर्फ ५२ करोड १७ लाख ९१ हजार १ सय रुपैयाँ बिनियोजन भएकोमा ४७ करोड १० लाख ४६ हजार ३१ रुपैयाँ अर्थात ९०.२७ प्रतिशत खर्च गरेको छ । चालुतर्फ कर्मचारी तथा पदाधिकारीको तलब, भत्ता, सुविधा र कार्यालय सञ्चालन खर्च हुनेछ । पालिकाले खर्च गर्ने विभिन्न विषयगत क्षेत्र अन्तर्गत आर्थिक विकासमा ८ करोड ७६ लाख २१ हजार ७२३ बजेट विनियोजन भएकोमा ५ करोड १ लाख ५ हजार ४५४ रुपैयाँ अर्थात ५७.१८ प्रतिशत खर्च भएको छ । आर्थिक विकासतर्फको कृषि ५६.७२ प्रतिशत, उद्योगमा ५१.१९ प्रतिशत पर्यटनमा ५१.०३ प्रतिशत सहकारीमा ४५.९४ प्रतिशत जलश्रोत तथा सिंचाइमा ९३.७५ प्रतिशत र पशुपन्छी विकासमा ८२.३९ प्रतिशत खर्च भएको लेखाअधिकृत खपाङ्गी मगरले जानकारी दिए ।

थाहाको पूर्वाधार विकासतर्फ ४९ करोड ६३ लाख ५ हजार ७ सय १७ रुपैयाँ बजेट विनियोजन भएकोमा ३७ करोड ६५ लाख २४ हजार ३ सय ९२ अर्थात ७५.८७ प्रतिशत खर्च भएको छ । अन्तर्गत यातायात पूर्वाधारमा ७७.४८ प्रतिशत, भवन आवास तथा सहरी विकासतर्फ ७१.२९ प्रतिशत, उर्जामा ९६.३५ प्रतिशत, सूचना तथा प्रविधिमा ४०.०६ प्रतिशत तथा सम्पदा पूर्वाधारतर्फ ९६.८५ प्रतिशत खर्च भएको छ ।

सामाजिक विकासतर्फ ४२ करोड २७ लाख ३५ हजार ६ सय ९८ रुपैयाँ विनियोजन भएकोमा ३६ करोड ८० लाख ३३ हजार ७ सय ८४ रुपैयाँ अर्थात ८७.०६ प्रतिशत खर्च भएको छ । यस अन्तर्गत शिक्षामा ९४.४३ प्रतिशत, स्वास्थ्यमा ७५.६१ प्रतिशत, खानेपानी तथा सरसफाइ ७१.८६ प्रतिशत, भाषा संस्कृतितर्फ ९१.१३ प्रतिशत, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणमा ७६.३७ प्रतिशत, युवा तथा खेलकुद ६६.०६ प्रतिशत र सामाजिक सुरक्षा तथा संरक्षणमा ८०.५५ प्रतिशत खर्च भएको छ ।

कार्यालय संचालन तथा प्रशासनिक क्षेत्रमा १२ करोड ३९ लाख ३२ हजार ५ सय ७ रुपैयाँ बजेट विनियोजन भएकोमा ११ करोड ६७ लाख ३२ हजार ४ सय ६४ रुपैयाँ अर्थात ९४.१९ प्रतिशत खर्च भएको समिक्षा कार्यक्रममा जानकारी गराइएको छ ।

# दैनिक पक्राउ पर्दै लागूऔषध कारोबारी





साझाकुरा संवाददाता

हेटौंडा, २८ साउन/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले विभिन्न स्थानबाट शनिवार र आइतबार गरेर लागूऔषधसहित चार जनालाई पक्राउ गरेको छ ।

प्रहरीले आइतबार १७ किलो लागूऔषध गाँजा, भारतीय कार सहित २ जना नियन्त्रणमा लिएको छ । ईलाका प्रहरी कार्यालय पशुपतिनगर मकवानपुरबाट खटिएको प्रहरी टोलीले हेटौंडा उपमहानगर पालिका-१५ रातोमाटेमा चितवनबाट बीरगंजतर्फ जाँदै गरेको बीआर ०१ बीए २०६९ नं.को भारतीय कारलाई शंका लागि रोकी चेकजाँच गर्ने क्रममा चालक भारत बिहारको बैशाली जिल्ला किरतपुर राजाराम बस्ने वर्ष २४ को नितेश कुमार र सो कारमा सवार रहेका बैशाली जिल्ला बालघाटभरथपुर बस्ने वर्ष २३ को रितेश कुमारलाई पक्राउ गरेको हो ।

उनीहरुको साथबाट कारको सिटमुनी फल्स बटम बनाई लुकाई छिपाई ल्याएको अवस्थामा १७ किलो ५ सय ग्राम लागूऔषध गाँजा फेला परेको र लागूऔषध, कार सहित निजहरु नितेश कुमार र रितेश कुमारलाई नियन्त्रणमा लिई थप अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएको छ ।

यसैगरी, मकवानपुर प्रहरीले आईतबार दिउँसो लागूऔषध नाईट्राजेपाम एक सय ५० ट्याब्लेट र लागूऔषध गाँजाको धुलो सहित मनहरी गाँउपालिका वडा नं ५ दरदरा बस्ने वर्ष ३६ को रामसिं वाईबालाई पक्राउ गरेको छ ।

ईलाका प्रहरी कार्यालय नेवारपानी मकवानपुरबाट खटिएको प्रहरीटोलीले बिशेष सूचनाको आधारमा वाईबालाई शंका लागि चेकजाँच गर्ने क्रममा निजको साथबाट लागूऔषध नाईट्राजेपाम एक सय ५० ट्याब्लेट र लागूऔषध गाँजाको धुलो जस्तो देखिने पदार्थ एक किलो फेला परेको जनाईएको छ । लागूऔषध सहित वाईबालाई नियन्त्रणमा लिई थप अनुसन्धान कार्य भईरहेको मकवानपुर प्रहरीले जनाएको छ ।

यस्तै ५ किलो लागूऔषध गाँजासहित एकजना महिलालाई पनि नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ । शनिबार बिहान प्रहरीचौकी रातोमाटे मकवानपुरबाट खटिएको प्रहरी टोलीले हेटौंडा-१५ रातोमाटेस्थित सडकखण्डमा नारायणघाटबाट बीरगंजतर्फ जादै गरेको ना ८ ख ७३४६ नं। को यात्रुवाहक बसलाई रोकी चेकजाँच गर्ने क्रममा मकवानपुरको राक्सिराङ-४ बस्ने एक महिलाले लुकाई छिपाई ल्याएको अवस्थामा ५ किलो लागूऔषध गाजाँ फेला परेको र लागूऔषध सहित निज महिलालाई नियन्त्रणमा लिई थप अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएको छ ।

# शिक्षकको शान्तिपूर्ण धर्नामा नगरप्रहरीद्वारा धरपकडको प्रयास

साझाकुरा संवाददाता



हेटौंडा, २८ साउन/ हालसालै नेपाल सरकारले संसदमा पेश गरेको विद्यालय शिक्षा ऐन २०८० मा समावेश गरिएका केही प्राबधान संविधानको मर्मबिपरित भएको भन्दै देशभरका शिक्षक आन्दोलनमा उत्रिएको छन् । यसैक्रममा आइतबार ७५३ वटै पालिकामा धर्ना दिएका छन् ।

देशैभर लगातारको वर्षातका बावजुद पनि नेपाल शिक्षक महासंघ राष्ट्रिय समितिको आह्वानमा ७५३ वटै पालिकामा धर्ना हुँदै गर्दा हेटौंडा उपमहानगरपालिकामा सामान्य धरपकड भएको बताइएको छ । शान्तिपूर्ण धर्ना कार्यक्रममा नगरसुरक्षाकर्मीको धरपकड अस्वभाविक भएको बताइएको छ ।

'शिक्षकहरुको आन्दोलन कुनै पनि कोणबाट अतिरञ्जित वा भड्काउ थिएन । पेसागत हकहितका लागि देशव्यापी भइरहेको यो आन्दोलनमा शिक्षक आन्दोलनको इतिहास बोकेको जिल्लामै यो किसिमको घटना अपेक्षित थिएन ।' एकजना सहभागी शिक्षकले गुनासो गरेका छन् । यतिखेर आन्दोलनरत शिक्षकलाई 'नपढाएर केका आन्दोलन' भन्नेहरु पनि देखिए । मकवानपुरका सामुदायिक विद्यालयमा अहिले वर्षेबिदा चलिरहेको छ ।

पूर्वघोषित कार्यक्रम अन्तर्गत् शिक्षक महासंघमा आवद्ध शिक्षक संगठनका प्रतिनिधिले आइतबार विहान ११ बजेदेखि २ बजेसम्म मकवानपुरका सबै पालिकामा धर्ना दिनुका साथै सर कार र शिक्षक महासंघबीच भएको ५१ बुँदे र ३० बुँदे सहमतिको प्रतिलिपि नगरप्रमुख तथा गाउँपालिका अध्यक्षलाई बुझाएको नेपाल शिक्षक संघ मकवानपुका अध्यक्ष गणेश हुँमागाईले जानकारी दिएका छन् ।

अन्यत्र पालिकामा धर्ना शान्तिपूर्ण भएपनि हेटौंडा उपमहानगरपालिकामा भने धर्नाका क्रममा नगरप्रहरीसँग घम्साघम्सीनै परेको शिक्षक संघ मकवानपुरका सचिव श्रीराम लुईटेलले बताए । नगरपालिकाको मुख्य गेटमा धर्नामा रहेका शिक्षकलाई नगरप्रहरीले हटाउन खोजेपछि घम्साघम्सी भएको लुईटेलले बताए । 'शिक्षकले पठनपाठनलाई प्रभावित पार्नेगरी आन्दोलन गरेका थिएनन्, नीति निर्माणको तहमा बस्नेहरुले 'बेइमानी' गर्न लागेपछि शिक्षकहरु आन्दोलनमा उत्रिएका हुन् ।' पूर्वशिक्षक एबम् साहित्यकार छबि अनित्यले प्रतिक्रिया दिएका छन् ।

आन्दोलन अन्तर्गत मंगलबार ३० गते पनि धर्ना कार्यक्रम रहेको शिक्षक महासंघले जनाएको छ भने साउन ३२ गते प्रदेशस्तरीय महासंघका पदाधिकारी तथा प्रतिनिधि सहित सातवटै प्रदेशका सामाजिक विकास मन्त्रालयमा सहमति कार्यान्वयन गर्न माग गर्दै सहमतिको प्रतिलिपि बुझाउँने कार्यक्रम रहेको हुँमागाईले बताए ।

# खनाल र अधिकारी सुनिए

हेटौंडा, २८ साउन/ मुक्तक मञ्च मकवानपुरले मुक्तककारद्वय सानु खनाल र मिथिला अधिकारीको संयुक्त मुक्तक वाचन कार्यक्रम आयोजना गरेको छ । शनिबार साहित्य सर्जक तुलसी घिमिरेको प्रमुख आतिथ्यता रहेको कार्यक्रमको सभाध्यक्ष मुक्तक मञ्च मकवानपुरका अध्यक्ष डीबी बर्तौलाले गरेका थिए । मञ्चको ११ औं विशेष शृंखलामा खनाल र अधिकारीले १०/१० वटा मुक्तकवाचन गरेका थिए ।

मुक्तक सर्जकहरु देवराज तिवारी, केशव समर्पण, हेमन्त ढुङ्गेल, समीर पाखिन, सुवास सजल, चिरञ्जीवी लामिछाने, ओमभक्त भण्डारी, रजनी पौडेल, सागर तिमल्सिना, बैकुण्ठ लामिछाने, अनु रोक्का, विश्वनाथ सञ्जेल, लगायतले आफ्ना दुई/दुई मुक्तक वाचन गरेका थिए । कार्यक्रममा सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलले मुक्तकले बिन्दुमा सिन्धु अटाउने अनुभूति ल्याउनुपर्ने विचार राखे ।

कार्यक्रममा साहित्य सर्जकहरु महाकाव्यकार मुना अर्याल, झरना साहित्य परिवारका अध्यक्ष विश्वनाथ सञ्जेल, सिस्नुपानी मकवानपुरका अध्यक्ष राजकुमार लामिछाने, साहित्य संगमकी अध्यक्ष अनिता न्यौपाने, मातृभूमि साहित्य समाजका अध्यक्ष माधव पोखरेल, सुदर्शन अधिकारी, सुवास खनाल, लघुकथाकार किशन पौडेल, भवानी तिमल्सिना, आँचल साहित्य कला पुञ्जकी अध्यक्ष भावना सापकोटा, नवसर्जक नेपालका संरक्षक दीपक गौतम, नेपाल प्रज्ञा प्रतिष्ठान साहित्य (पद्य) विभाग सदस्य शान्ति प्रियबन्दनालगायतको उपस्थिति रहेको थियो । साहित्य संगम/ सिस्नुपानी नेपालको संयुक्त भवनमा सञ्चालित कार्यक्रमलाई मुक्तक मञ्च मकवानपुरकी सहसचिव अमृता लामिछानेले सहजीकरण गरेकी थिइन् ।

# हेटौंडामा क्यान सचिवलाई दुर्व्यवहार गर्ने पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २८ साउन/ मकवानपुर क्रिकेट संघ (क्यान) मकवानपुरको शनिबार भएको अधिवेशनका लागि प्रतिनिधि आएका क्रिकेट एसोसिएसन नेपाल (क्यान)का केन्द्रीय कार्यवाहक सचिव दुर्गाराज पाठकमाथि दुर्व्यवहार गर्ने दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

हेटौंडामा शनिवार पाण्डे माथि मोबिल छ्यापेर अभद्र व्यवहार भएको थियो । पाठकले जिल्ला प्रहरी कार्यालयमा दिएको उजुरीको आधारमा २ जना युवकलाई पक्राउ गरिएको मकवानपुरका प्रहरीप्रवक्ता प्रहरीनायवउपरीक्षक टेकबहादुर कार्कीले जनाएका छन् ।

यद्यपी प्रहरीले पक्राउ परेकाको नाम भने खुलाएको छैन । जिल्ला प्रहरी कार्यालय ल्याइदै गरिएकोले पक्राउ परेका नाम पछि बताउने प्रहरीप्रवक्ता कार्कीले बताए । पाठकलाई शनिबार दिउँसो मकवानपुर क्रिकेट संघ मकवानपुर को अधिवेसनस्थल हुप्राचौरस्थित क्विक ट्वान्टी होटलमा स्कुटरमा आएका तीनजनाको समूहले मोबिल छ्यापेर भागेका थिए ।

# जन्मदिनको अवसरमा आश्रितलाई भोजन

हेटौंडा, २८ साउन/ हेटौंडाका होटल ब्यवसायी तथा मकवानपुर ग्यास व्यवसायी संघका अध्यक्ष दिलिशगोविन्द जोशीले आफ्ना छोरा दिवेशगोविन्द जोशीको जन्मदिनको अवसरमा आश्रममा भोजनसेवा गरेका छन् । छोरा दिवेश भने अष्ट्रेलियामा रहेका छन् ।

आइतबार परेको जन्म दिनको अवसरमा हेटौंडा-९ मा मानवसेवा आश्रमको मुख्य कार्यालयमा नै २० हजार बराबरको विहानको भोजनसेवा प्रदान गरेका हुन् । समाजसेवामा सक्रिय रहेका जोशी विभिन्न संघ संस्थामा नेतृत्व गर्दै आफ्नो व्यवसायलाई अघि बढाइरहेका छन् ।

मावनसेवामा दिलिशसँगै उनको श्रीमती बिन्दुलक्ष्मी जोशीको पनि सहभागिता रहेको थियो । छोरा बाहिर देशमा भएपनि उनको जन्मदिनको अवसरमा हामीले मानवसेवा आश्रममा आश्रित आमाबुबा तथा साना बालबालिकालाई खाना खुवाएको जोशीले बताईन् ।

# करेन्ट लागेर बकैयाका परियारको मृत्यु

हेटौंडा, २८ साउन/ मकवानपुरमा करेन्ट लागेर एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा बकैया गाउँपालिका ५ श्रीपुरका ५२ वर्षीय वीरबहादुर परियार रहेका छन् । आफ्नै घरमा फ्यान जोड्ने क्रममा करेन्ट लागेर परियार घाइते भएका थिए । परियारको हेटौंडा अस्पतालमा उपचारको क्रममा मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

# विपद् न्यूनीकरणमा एमालेका युवाहरु सक्रिय

साझाकुरा संवाददाता

हेटौंडा, २८ साउन/ मकवानपुरमा अबिरल बर्षा र यसबाट उत्पन्न हुनसक्ने प्रकोप जोखिम न्यूनीकरणका लागि नेकपा एमाले मकवानपुरका युवाहरु खटिएका छन् ।

नेकपा एमाले मकवानपुर अन्तर्गतको जिल्ला विपद व्यवस्थापन स्वंमसेवकहरु विपद् न्यूनीकरणका लागि खटिन थालेका हुन् । यसअघि एमाले मकवानपुरले स्वयमसेवकलाई दुई दिनसम्म तालिम प्रदान गरेको थियो । विपद् रोकथाम तथा व्यवस्थापन स्वंमसेवकले आइतबार भीमफेदी गाउँपालिकाको भैसे-भीमफेदी सडक खण्डमा आएको पहिरो र भासिएको सडकबाट हुनसक्ने दुर्घटना र अन्य क्षती न्यूनीकरणको कार्य गरेका छन् ।

भीमफेदीको बाघझोरामा भारी बर्षाको कारण खहरे खोलामा पानीको सतह बढ्दा दुइतर्फी सवारी साधन सञ्चालनमा अवश्यक सहजीकरण र बाटो सरसफाइको कार्य गरेको नेकपा एमाले मकवानपुर जिल्ला बिपद व्यवस्थापन तथा स्वंमसेवा विभागका प्रमुख शिवहरि दाहालले बताए ।

निरन्तर वर्षाको कारण मकवानपुरको तटीयक्षेत्र उच्च जोखिममा रहेको जल तथा मौसम विभागले पनि सूचना जारी गरि सकेको अवस्थामा एमालेको स्वंमसेवक टिमले जिल्लाको विभिन्न जोखिम हुने स्थानहरुको अनुगमन गरी जोखिम न्यूनीकरण र आवश्यक सहजीकरणको कार्य गरिरहेको प्रमुख दाहालले बताए ।


# हार्दिक आमन्त्रण



जन्म: २०२८/३/१८

स्वर्गारोहण: २०८०/४/१८

स्व. उमाकुमारी पराजुली

मेरी पत्नी/हाम्री प्रातःस्मरणीय **उमाकुमारी पराजुली**को असामयिक स्वर्गारोहण भएकोमा उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । शोकको यस घडीमा समवेदना व्यक्त गर्नुहुने, सहयोग, सद्भाव व्यक्त गर्नुहुने, सागरमा पाल्नुहुने सम्पूर्णप्रति कृतज्ञ हुँदै पितृप्रसाद ग्रहण गर्न निम्न मिति, समय र स्थानमा पाल्नुहुन सादर आमन्त्रण गर्दछौं ।

**पितृप्रसाद ग्रहण कार्यक्रम:**

**मिति:** २०८०/४/३० गते, दिउँसो १:३० बजे, गोरक्षेश्वर मन्दिर, राप्तीतट, हेटौंडा-१०

**पतिः सरोजकुमार पराजुली**

**जेठाजु/जेठानीहरु:**
विश्वनाथ/ सरला पाजुली
शिवनाथ/ राधा पराजुली
दिपक/ बेन्जु पराजुली

**देवर/देवरानीहरु:**
आनन्दराम/ लता पराजुली
किरण/ भवानी पराजुली

**आमाजुहरु:**
सीता/ शम्भुप्रसाद ढकाल
बिमला/ भवनाथ अर्याल
पबित्रा/ राजेन्द्र ढकाल
रिता घिमिरे/
कला/ श्रीकुमार शर्मा
लीला/ मोहन घिमिरे

**छोरी/ज्वाई:**
श्रृया पराजुली/ विवेक बिक्रम शाह
आयुसा पराजुली

**भतिजा/भतिजाबुहारीहरु**
**भतिजी/भतिजीज्वाइँहरु**
बिनोद/ अञ्जु पराजुली
बिद्या / दीपेन्द्र भट्टराई
नवीन/ लक्ष्मी पराजुली
रमा/ नविन पौडेल
निश्चल/ सपना पराजुली
हिमानी/ निराजन पौडेल
हिमान्सु पराजुली
इशान पराजुली
निशान पराजुली
अश्मिन पराजुली
अभियान पराजुली

**एवम्**

**समस्त पराजुली परिवार**
हेटौंडा, मकवानपुर



# आवश्यकता

यस **साझाकुरा राष्ट्रिय दैनिक**का लागि निम्न अनुसार अनुभवी, सक्रिय र इमान्दार कर्मचारी आवश्यक भएकोले इच्छुक योग्यता पुगेका नेपाली नागरिकले निम्न ठेगानामा आवश्यक कागजातसहित सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**पद** : मार्केटिङ्ग म्यानेजर
**योग्यता** : कक्षा १२ उत्तीर्ण
**कामको समय**: विहान ११:०० बजदेखि साँझ ७:०० बजेसम्म ।
**अनुभव** : कम्तिमा १ वर्ष पत्रपत्रिकाको मार्केटिङ्गसम्बन्धी ज्ञान ।
: मोटरसाइकल चलाउन जान्ने, लाइसेन्स भएको
**तलब** : आपसी समझदारीमा तय गरिने ।

साझाकुरा
www.sajhakuranews.com
हेटौंडा-१, साझाचोक, चौकीटोल
०५७-५२१११५, sajhakura@gmail.com



# खुल्दैछ ! खुल्दैछ ! खुल्दैछ !

(उत्तराखण्ड चारधाम)

बद्रीनाथ केदारनाथ तिर्थयात्राको लागि २०८० भदौ १८ गतेबाट विभिन्न मितिमा रिजर्भ बस खुल्दैछ ।

**दर्शनीय स्थानहरू** :- महेन्द्रनगर, हरिद्वार, ऋषीकेश, फुलछट्टी, एमनोत्री (पहिलो धाम) ६ कि.मी. पैदल यात्रा, उत्तर काँशी, गंगनानी, गंगोत्री (दोश्रो धाम) रूद्र प्रयाग, गुप्तकाँशी, गौरीकुण्ड, केदारनाथ (तेश्रो धाम) १४ कि.मी. पैदल यात्रा (जोशी मठ) बद्रीनाथ, (चौथो धाम) ब्रम्हकपाली गरी १७ देखी १८ दिनमा नेपाल आईपुग्नेछ ।

भाडा प्रति यात्री ने.रु. ३०००५/- लाग्ने छ (बिहान बेलुकी खाना सहित ) नोटः- रिक्सा टाङ्गा, धर्मशाला, अन्य खर्च यात्रु स्वयंले बेहर्नुपर्नेछ । सम्पर्कः-

**गोपाल थापा, हेटौंडा बसपार्क**
मोवाईल नं. : ९८४५२९७६८१ घण्टी बाजे मनरवा, बारा,
मोवाईल नं. ९८४५८०८४०२


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना